# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष १ अङ्क ४९ | २०७४ जेठ २९ गते सोमबार | Monday, June 12, 2017 | पृष्ठ ८ | मूल्य रु. १०।-


## देजमोद्वारा हार्दिक समवेदना व्यक्त



काठमाडौं । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका केन्द्रीय अध्यक्ष सीपी गजुरेलले एक समवेदना वक्तव्य जारी गर्दै संगठनकी केन्द्रीय सदस्य इन्दिरा घिमिरेका श्रीमान गीताराज दाहालको ५६ वर्षको उमेरमा यही ०७४ साल जेष्ठ १९ गते असामयिक निधन भएको घटनाले सिंगो संगठनलाई अत्यन्त दुखित् तुल्याएको भन्दै संगठनको केन्द्रीय समिति र समग्र संगठनको तर्फबाट दिवंगत ...बाँकी ७ पेजमा

# पार्टी एकताको नाममा माकेको क्रान्तिकारी कम्युनिष्टहरुलाई सिध्याउने षड्यन्त्र

◆ वर्गदृष्टि संवाददाता

काठमाडौं । तीव्र प्रतिक्रियावादीकरणको दिशामा उन्मुख नेकपा (माओवादी केन्द्र)को मूल नेतृत्वले मोहन वैद्य'किरण' नेतृत्वको नेकपा (क्रान्तिकारी माओवादी) र नेत्रविक्रम चन्द'विप्लव' नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीलाई एकताको लागि गरेको सार्वजनिक आव्हानलाई नेकपा (क्रान्तिकारी माओवादी) का अध्यक्ष मोहन वैद्य'किरण'ले सच्चा कम्युनिष्ट क्रान्तिकारीहरुलाई सिध्याउन भारतीय विस्तारवादद्वारा निर्देशित दक्षिणपन्थी संशोधनवादी षड्यन्त्रको रुपमा कडा जवाफ दिएका छन् । आइतबार एक सार्वजनिक वक्तव्य जारी गर्दै अध्यक्ष किरणले यस्तो जवाफ दिएका हुन् । केही दिनयता माओवादी केन्द्रको मूल नेतृत्व पुष्पकमल दाहालले सार्वजनिक कार्यक्रममार्फत् पार्टी एकताको लागि आव्हान गरेका थिए । प्रचण्डको यस्तो आव्हानले क्रान्तिकारी पंक्ति र जनपंक्तिमा समेत विभ्रम पैदा भएको भन्दै अध्यक्ष किरणले त्यसबारेमा पार्टीको धारणा सार्वजनिक गर्न आवश्यक देखिएकोले सार्वजनिक वक्तव्य जारी गरिएको उल्लेख गरिको छ ।

वक्तव्यमा माआवादी केन्द्र र उसको मूल नेतृत्वले बारम्बार गर्ने पार्टी एकताका लागि गर्ने आव्हानबारे क्रान्तिकारी माओवादीको धारणा स्पष्ट पार्दै अध्यक्ष किरणले भनेका छन्, "माओवादी केन्द्रको मूल नेतृत्वले नेपाली नयाँ जनवादी क्रान्ति, जनयुद्ध र साम्यवादको उदात्त आदर्शप्रति गम्भीर विश्वासघात र देशी तथा विदेशी वर्गदुश्मनहरुसित आत्मसमर्पण गरेकाले हामीले त्यसप्रकारको नेतृत्वका विरुद्ध विद्रोह तथा सम्बन्धविच्छेद गरी नयाँ पार्टी निर्माण गरेको कुरा प्रष्ट नै छ । र, हाम्रो त्यो कदम सही नै थियो भन्ने कुरा अहिलसम्म आउँदा राम्रोसित प्रमाणित समेत भइसकेको छ । माओवादी केन्द्रको मूल नेतृत्वद्वारा बारम्बार गरिने यसप्रकारको एकताको आव्हान नेपालमा क्रान्तिकारी ...बाँकी ३ पेजमा



## उम्मेदवार घोषणा गर्दै चुनावी प्रचारमा देजमो

काठमाडौं । स्थानीय तहको दोस्रो चरणको निर्वाचन नजिकिदै गर्दा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले उम्मेदवार घोषणा गर्दै चुनावी प्रचारलाई तीव्र पारेको छ ।

- मोरङ कानेपोखरी गाउँपालिका अध्यक्ष बमबहादुर राजवंशी
- रुपन्देही सिद्धार्थनगर नगरपालिका मेयरमा सुमन न्यौपाने, उपमेयरमा भवानी रिजाल, वडा नं. १ अध्यक्ष : पदम थापा, वडा नं. ३ अध्यक्ष : साजिद अलि मुसलमान, वडा नं. ४ अध्यक्ष : शिवशंकर धरिकार, वडा नं. ५ अध्यक्ष : गुड्डु सिद्धिकी, वडा नं. ६ अध्यक्ष : समसुद्धिन मिया, वडा नं. ७ अध्यक्ष : नुरमोहम्मद फकिर, वडा नं. ८ अध्यक्ष : शान्ति खरेल, वडा नं. ९ अध्यक्ष : अनिल सिंह, वडा नं. १० अध्यक्ष : रुदल कोइरी, वडा नं. ११ अध्यक्ष : सिकन्दर खान, वडा नं. १२ अध्यक्ष : सरोज हरिजन, वडा नं. १३ अध्यक्ष : हजरफ अलि पठान ।

...बाँकी ८ पेजमा

## दार्जिलिङमा नेपालीभाषीको आन्दोलन बढ्दै
# जीटीए खारेज गरी गोर्खाल्याण्ड बनाउन माग



दार्जिलिङ । दार्जिलिङमा जारी भाषिक आन्दोलन पुनः गोर्खाल्याण्ड आन्दोलनका रुपमा परिणत भएको छ । पश्चिम बंगाल सरकारले बंगाली भाषालाई राज्यभर अनिवार्य गरेपछि नेपाली भाषीहरु आन्दोलनमा उत्रिएका हुन् ।

आन्दोलन बढ्दै जाँदा गोर्खा जनमुक्ति मोर्चाको नेतृत्वमा सुरु भएको आन्दोलनको नेतृत्व गरिरहेका मोर्चाका संस्थापक विमल गुरुङले अब गोर्खाल्याण्ड नपाउँदासम्म आन्दोलन जारी रहने चेतावनी दिएका छन् ।

गोर्खा जनमुक्ति मोर्चाले केन्द्र सरकारसमक्ष गोर्खाल्याण्ड गठन गर्न ...बाँकी ८ पेजमा

# गोर्खा भर्ती सम्झौता खारेजीका लागि सर्वोच्चमा मुद्दा

◆ वर्गदृष्टि संवाददाता

काठमाडौं । ब्रिटिस गोर्खा भूतपूर्व सैनिक संघ (बिगेसो) ले गोर्खा सैनिक भर्ती सम्झौता खारेज गर्न माग गर्दै सर्वोच्च अदालतमा मुद्दा हालेको छ । नेपाल सरकार, भारत सरकार र वेलायत सरकारसँग गोर्खा भर्ती नेपालीहरुको हितमा नरहेको, असमान र विभेदकारी रहेको भन्दै खारेजीको लागि माग गर्दै आएको विगेसोले आफ्ना माग बारे राजनीतिक तहमा सुनुवाइ नभएपछि सरकार र परराष्ट्र मन्त्रालयलाई विपक्षी बनाएर भर्ती सम्झौता ...बाँकी ७ पेजमा



# छद्म संशोधनवादको उदाङ्गो रूप

प्रचण्डले प्रधानमन्त्री पदबाट राजिनामा दिएपछि नयाँ प्रधानमन्त्री चुन्नका लागि बसेको संसदको बैठकमा तीन ठूला भनिएका राजनीतिक दलका प्रमुख नेताहरूले सम्बोधन गरे । एमाले अध्यक्ष केपी ओली, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र नेकपा माओवादीकेन्द्रका अध्यक्ष प्रचण्डले क्रमशः पालैपालो सदनलाई सम्बोधन गरे । सम्बोधनका क्रममा उनीहरूले राष्ट्रको समृद्धिका लागि कुनै नयाँ कुरा राखेनन् । बरू एकअर्काको भण्डाफोर गर्ने र आफ्नो तितो वान्ता गर्ने काम मात्र गरे । सबैभन्दा छोटो समय बोलेका शेरबहादुर देउवाले केही समयपछि प्रम पदमा निर्वाचित हुने भएकाले दुई तीनवटा कुरामा प्रतिवद्धता जनाए भने बाँकी समय केपी ओलीले लगाएको आरोप र राखेको जिज्ञासाको जवाफ दिएर आफ्नो सम्बोधन टुङ्ग्याए । ...बाँकी ७ पेजमा

**राज्य सत्ताको बागडोर कहिले सामन्त वर्गका हातमा त कहिले साम्राज्यवाद, पूँजीवाद तथा विस्तारवादका दलालहरूको हातमा निहित छ । जसका कारण शोषक वर्ग र शोषित वर्गका बीचको असमानताको खाडल अत्यन्तै नराम्रोसँग चर्कदै गएको छ ।**



● हिरामणि दुःखी

## राजपाद्वारा आमहड्तालसहित आन्दोलनको घोषणा



काठमाडौं । स्थानीय तहको निर्वाचनमा सहभागी हुन अगाडि सारेका मागको सुनुवाई देउवा सरकारले नगरेपछि राष्ट्रिय जनता पार्टी (राजपा) नेपालले आम हड्तालसहितका आन्दोलनका कार्यक्रम घोषणा गरेको छ । आइतबार बसेको राजपाको बैठकले दोस्रो चरणको स्थानीय चुनावमा सहभागी नहुने भन्दै आन्दोलनका कार्यक्रम घोषणा गरेको हो ।

दोस्रो चरणको निर्वाचन हुने मिति असार १४ लाई लक्षित गर्दै राजपाले १० गतेदेखि अनिश्चितकालीन आमहड्ताल गर्ने निर्णय गरेको छ । उसले उम्मेद्वारहरूको मनोनय दर्ताका दिन असार २ गते गाउँपालिका र नगरपालिकामा अवस्थित निर्वाचन केन्द्रहरूमा तालाबन्दी गर्ने र लाठी जुलुस प्रदर्शन गर्ने जनाएको छ । त्यस्तै असार ६ देखि १४ गतेसम्म निर्वाचन कार्यक्रममा अवरोध गर्ने पनि उसले जनाएको छ ।

आन्दोलनका कार्यक्रम सार्बजनिक गर्न आइतबार बिजुलीबजारमा आयोजित पत्रकार सम्मेलनमा राजपा नेता राजेन्द्र महतोले सरकारसँग वार्ताको औचित्य सकिएको बताए । तर, सरकारले मागहरु पूरा गरेको खण्डमा आफूहरु सहमतिमा आउन तयार रहेको पनि उनले संकेत गरे ।




## सम्पादकीय

# माकेको प्रतिक्रियावादीकरण

पुष्पकमल दाहाल‘प्रचण्ड’ नेतृत्वको नेकपा (माओवादी केन्द) तीव्र प्रतिक्रियावादीकरणको दिशामा उन्मुख रहेको छ । विचार, राजनीति, चिन्तन, प्रवृत्ति, जीवनशैली, कार्यशैली सबै हिसाबले उ प्रतिक्रियावादी कित्तामा उभिदै गएको छ । रुप पक्षमा माओवादी आवरण भए पनि सारतः माकेलाई कांग्रेस, एमाले र राप्रपाको चिन्तन र प्रवृत्ति, आचारव्यवहार भन्दा फरक छुट्याउन नसकिने भएर गएको छ । प्रतिक्रियावादी संसदीय व्यवस्थाको आहालमा चुर्लुम्म डुब्न पुगेको माकेभित्र अहिले यही बुर्जुवा प्रवृत्ति, स्वभाव र शैलीको बोलवाला बढेर गएको छ । परिणामतः माकेका अध्यक्ष दाहाललाई ‘क्रान्ति’को कुरा एक ‘भुलभुलैया’ लाग्न थालेको छ ।

सर्वहारावर्गको अधिनायकत्व, वर्गसंघर्ष, निरन्तर क्रान्ति, बल प्रयोगको अनिवार्यता जस्ता मालेमावादका आधारभूत प्रस्तावनालाई अंगीकार तथा आत्मसात् नगर्ने पार्टी कम्युनिष्ट पार्टी हुन सक्दैन र त्यो माओवादी पनि हुन सक्दैन । यस आधारमा हेर्दा नेकपा (माओवादी केन्द्र)लाई ‘माओवादी’ पार्टी मान्न सकिन्न । किनकि, उसले उल्लेखित प्रस्तावनालाई घुमाउरो पाराले आफ्नो दस्ताबेजबाट नै हटाइसकेको छ । र, उसको जीवन व्यवहारले पनि त्यही पुष्टि गरिरहेको छ । माओवादीको नाममा उसले इतिहासको ब्याज खाइरहेको छ । र, इमान्दार र क्रान्तिकारी माओवादी नेता कार्यकर्ताहरुलाई ‘भुलभुलैया”मा पारिरहेको छ । प्रक्रियावादी सत्ता स्वार्थका निम्ति प्रचण्डलगायत केही मुठ्ठिभर छद्धहरुले ‘माओवादी’, महान दशवर्षे जनयुद्ध, त्यसको आधार र आयामलाई दुरुपयोग गरिरहेका छन् र बद्नाम बनाइरहेका छन् । विडम्बना ! यति हुँदा पनि माओवादी जनयुद्धको प्रक्रियाबाट आएका केही इमान्दार र क्रान्तिकारी नेता कार्यकर्ताहरुले प्रचण्ड र प्रचण्ड प्रवृत्तिप्रतिको मोह र भ्रम तोड्न सकेका छैनन् ।

नेपालमा नयाँ जनवादी क्रान्ति सम्पन्न गर्ने अठोटका साथ संगठित गरिएको थियो माओवादी आन्दोलन र त्यही उद्देश्य प्राप्तिका लागि गरिएको थियो तत्कालीन नेकपा (माओवादी)को नेतृत्वमा दशवर्ष लामो जनयुद्ध । तर प्रचण्डहरुकै विचलन, धोका र गद्दारीका कारण नयाँ जनवादी क्रान्तिमाथि प्रतिक्रान्ति हावी हुन पुग्यो । निर्णायक चरणमा पुगेको नयाँ जनवादी क्रान्ति प्रचण्डहरुकै कारण अहिले रक्षात्मक अवस्थामा धकेलिन पुग्यो । आफ्नो विचलन, विघटन र विसर्जनको ढाकछोप गर्न प्रचण्डहरु अहिले मिथ्यांकहरु प्रस्तुत गर्दै नेपालमा नयाँ जनवादी क्रान्ति पूरा भएको भ्रमपूर्ण व्याख्या गर्दै हिडेका छन् । र, नयाँ जनवादी क्रान्तिका पक्षधर वास्तविक माओवादी र कम्युनिष्ट क्रान्तिकारीहरुका विरुद्ध उनीहरुले अनेकौं जाल, झेल, षड्यन्त्रका हतियारहरु प्रयोग गरिरहेका छन् र आमूल परिवर्तनका पक्षधर जनपंक्ति र राजनीतिक नेता कार्यकर्ता पंक्तिमा भ्रमको खेती गरिरहेका छन् । आफ्नो अस्तित्वमाथिको खतरा उनीहरुले जनवादी क्रान्तिका पक्षधरहरु सच्चा कम्युनिष्ट क्रान्तिकारीहरुबाट देखिरहेका छन् । तसर्थ, उनीहरु नयाँ जनवादी क्रान्तिको पक्षमा नेतृत्वदायी भूमिका निर्वाह गरिरहेको नेकपा (क्रान्तिकारी माओवादी) र यसको नेतृत्वपंक्ति र कार्यकर्तापंक्तिका विरुद्ध निरन्तर धावा बोलिरहेका छन् । र, “माओवादी एकता”को जालमा पार्न सकिने विश्लेषणका साथ ‘सेन्टिमेन्टल ब्ल्याकमेलिङ’को धन्दा चलाइरहेका छन् । नक्कली माओवादीहरुको एकताको जालमा सक्कली माओवादीहरुलाई पारेर नामेट पार्न पाए आफ्नो अस्तित्वको रक्षा हुने देखेका उनीहरुले “माओवादी भावना”को कुरा गरेर कथित एकताको नाममा मालेमावादी विचार, सिद्धान्त, उद्देश्य र आदर्शबाट च्युत गरेर दक्षिणपन्थी अवसरवादी र संशोधनवादी बनाउन लागिपरेका छन् । यो उनीहरुले वैदेशिक प्रतिक्रियावाद (भारतीय विस्तारवाद)ले दिएको जिम्मेवारी पनि हुन सक्छ ।

तर सत्य के हो भने वास्तविक कम्युनिष्ट क्रान्तिकारीहरु र माओवादीहरु अब प्रचण्ड र माकेको भ्रमबाट विस्तारै मुक्त हुँदैछन् र क्रान्तिकारी ध्रुवीकरणको प्रक्रियाले गति लिदै गएको छ । माकेमा जति प्रक्रियावादीकरणको प्रक्रियाले तीव्रता पाउँछ, त्यति नै क्रान्तिकारी ध्रुवीकरणको प्रक्रियाले पनि तीव्रता पाउँछ । यो द्वन्द्ववादको नियम नै हो । माकेले प्रतिक्रियावादी शक्ति करार नगरेसम्म नेपालमा नयाँ जनवादी क्रान्तिको अवरुद्ध प्रक्रियाले गति लिने देखिन्न ।

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निष्पक्ष खबर तथा
विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौं।
www.moolbato.com

# देउवाको सदाचार नीति र प्रचण्डको लोकतन्त्र



● रामसिंह श्रीस ●

प्रधानमन्त्री शेरबहादुर देउवाले प्रधानमन्त्रीको पद बहाल गर्दा पहिलो निर्णय ‘अन्तर-प्रदेश सचिवालय बनाउने र सदाचार नीति बनाउने’ दुईवटा निर्णय गर्नुभएको छ । जनप्रतिनिधि र कर्मचारीलाई नैतिक र सदाचारी बनाउनका लागि यो निर्णय गरिएको भनिन्छ । यसको अर्थ यो भयो कि अहिले जनप्रतिनिधि र कर्मचारीहरु नैतिक र सदाचारी छैनन् । त्यसकारण उनीहरुलाई नैतिक र सदाचारी बनाउन यस्तो निर्णय गरिएको हो ।

के अब प्रधानमन्त्री देउवाले जनप्रतिनिधि र कर्मचारीलाई साँच्चिकै नैतिक र सदाचारी बनाउलान् त ? यसको लागि प्रधानमन्त्री देउवा र उनको पार्टी ने.कां.को विगतलाई हेरौं ! शेरबहादुर देउवा अहिले चौथोपटक प्रधानमन्त्री भएका छन् । यसभन्दा पहिले उनी प्रधानमन्त्री भएर नेपालको राजनीतिक इतिहासमा उल्लेख गर्न लायक कुनै काम गरेका छैनन् । बरु उनी आफ्नो पदको लागि जे पनि गर्न सक्ने व्यक्ति हुन् । प्रधानमन्त्री हुनका लागि उनी राजाको अगाडि लम्पसार परेको विगत जगजाहेरै छ । पदकै लागि उनी पार्टी फुटाएको कुरा पनि सत्य हो । उहाँको कार्यकालमा भ्रष्टाचारहरु भएका थुप्रै उदाहरण छन् । अब आयो उनको पार्टी नेपाली कांग्रेसको कुरा । नेपाली कांग्रेसले ०४६ सालदेखि अहिलेसम्म २८ वर्ष अधिकांश समय कहिले एकल त कहिले संयुक्त सरकार चलाइरहेको छ । सरकारमा नरहेको बेला प्रमुख प्रतिपक्षी भएर सत्ता सञ्चालनमा सहयोगी भूमिका खेलेको छ । यो २८ वर्षमा पञ्चायतकालमा मौलाएका भ्रष्टाचार र कमिशनतन्त्र कम हुने भन्दा पनि झन् संस्थागत भएर मौलाउँदै आएको छ । सुडान काण्डजस्ता अरबौ रुपियाँको भ्रष्टाचार ने.कां.का नेताहरु मन्त्री भएकै समयमा भयो । नेपाली कांग्रेसका वरिष्ठ नेताहरुलाई भ्रष्टाचारको मुद्दा लाग्यो र भ्रष्टाचारको मुद्दा लागेर जेल खेपेका कतिपय नेताहरु अहिले पनि ने.कां.को नेतृत्वपंक्तिमा छन् र पार्टी सञ्चालनमा उनीहरुको महत्वपूर्ण भूमिका छ । यस प्रकारको अवस्थामा प्रधानमन्त्रीले सदाचार नीति बनाउने निर्णय गर्दैमा अब जनप्रतिनिधि र कर्मचारीहरु नैतिक र सदाचारी बन्लान् त ? सबभन्दा पहिले त पार्टी नै सदाचारी र नैतिक बन्नु पऱ्यो । तर जब अदालतले प्रमाणसहित भ्रष्टाचारी ठहऱ्याएर जेल परेका व्यक्तिहरु जेलबाट छुट्दा फूलमाला र अबिरले स्वागत गरिन्छ । जब डनहरुलाई प्रहरीले इन्काउन्टरमा हत्या गर्दछ, त्यसबेला पार्टीका नेताहरु डनहरुको पक्षमा सदनमा आन्दोलन गर्दछन् । यस्तो चरित्र भएको पार्टीको नेतृत्वमा चल्ने सरकारले कर्मचारी र जनप्रतिनिधिलाई सदाचारी र नैतिकवान बनाउँछ भन्ने कल्पना पनि गर्न सकिन्न । यो जनताको आँखामा छारो हाल्ने काम मात्र हो ।

ने.कां. र माओवादी केन्द्रको बीचमा सत्ता समीकरण गराउने कुरामा भारतीय विस्तारवादी शासकहरुको ठूलो भूमिका छ भन्ने कुरा कुनै छिपेको कुरा होइन । अहिले प्रधानमन्त्री शेरबहादुर देउवाको पक्षमा समर्थन गराउन भारतीय शासकहरुले भरमग्दुर प्रयत्न गरेको कुरा छर्लङ्गै छ । शेरबहादुरजीलाई समर्थन गर्न राजपालाई भारतीय राजदूतले निकै मेहेनत गरेको देखियो । पदको लागि जे पनि गर्न तयार हुने प्रधानमन्त्रीको विगतलाई हेर्दा अब राष्ट्रियताको सवालमा गम्भीर स्थिति पैदा भएको छ । राष्ट्रघाती महाकाली सन्धि, अपरकर्णाली, अरुण तेस्रो जलविद्युत सम्झौताजस्ता राष्ट्रघाती सन्धिसम्झौताहरु ने.कां. कै सरकार भएको बेला भएका छन् । विगत र अहिलेको समग्र स्थितिलाई हेर्दा आफ्नो पदको लागि प्रधानमन्त्री शेरबहादुरबाट झन् ठूलो राष्ट्रघात जनघात हुने त होइन भन्ने प्रश्न अगाडि आइरहेको छ । भारतीय शासकहरुले नेपाललाई आफ्नो सुरक्षा घेराभित्र राख्न प्रयत्न गर्दै आइरहेका छन् । उनीहरुले नेपालको राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक हरेक क्षेत्रलाई आफ्नो नियन्त्रणमा राख्न हरेक प्रकारको हत्कण्डा अपनाइरहेका छन् । यो अवस्था सशक्त राष्ट्रवादी शक्तिहरुको नेतृत्वमा सरकारको आवश्यकता हो । तर पदमा जान र पदलाई टिकाइ राख्न साम्राज्यवादी विस्तारवादी शक्तिहरुको अगाडि लम्पसार पर्दै आएका उही पुराना शक्तिहरुको नै सरकार बनेको हुनाले अब नेपालको राष्ट्रियतामाथिको खतरा अझ गम्भीर बन्दै गएको छ । अब सम्पूर्ण राष्ट्रवादी गणतन्त्रवादी शक्तिहरु एक भएर यस प्रकारको खतराको सामना गर्नु पर्दछ ।

पुष्पकमल दाहालले प्रधानमन्त्री पदबाट राजीनामा दिएपछि कामचलाउ सरकारको प्रमुखको हैसियतले व्यवस्थापिका-संसदलाई सम्बोधन गर्ने क्रममा नेपाली कांग्रेसलाई सरकारको नेतृत्व सुम्पन पाएकोमा निकै गौरव महसुस गर्दै यो लोकतान्त्रिकरणको प्रक्रियालाई इमान्दारिताका साथ अगाडि बढाएको कुरा बताएका छन् । उनले प्रतिपक्षी एमालेलाई सोधे, तपाईहरु आफ्नै इतिहास हेर्नुस् कति वर्ष लागेको थियो लोकतान्त्रिक हुन ? उनको भनाइको स्प्रिट यस्तो थियो कि एमालेलाई लोकतान्त्रीकरण हुन धेरै समय लाग्यो तर आफूहरु छिटै नै यो लोकतान्त्रिक प्रक्रियामा आउन सफल भयौं । प्रचण्डजीको भनाइले उनीहरु हिजो यो लोकतान्त्रिक व्यवस्थाको पक्षमा थिएनन् । अहिले आएका हुन् । अर्थात् अहिलेको लोकतान्त्रिक प्रक्रियामा आउने कुरालाई प्रचण्डजीले गौरव ठानेका छन् ।

अहिलेको यो लोकतन्त्र भनेको जनताको लोकतन्त्र होइन । यो त दलाल नोकरशाही तथा सामन्तवर्गको अधिनायकत्व भएको लोकतन्त्र हुन्छ । आम श्रमिक वर्गको लागि तिनै शोषक वर्गको अधिनाकत्व हुन्छ लोकतन्त्र होइन । यो लोकतन्त्रमा मुठ्ठीभर शोषक वर्गको लागि मात्र लोकतन्त्र हुन्छ । मजदुर किसानको अधिनायकत्व भएको लोकतन्त्र जसलाई जनवादी गणतन्त्र भनिन्छ, त्यसमा मात्र आम जनसमुदायको साँच्चिकै लोकतन्त्र हुन्छ । प्रचण्डजीहरुको यो लोकतान्त्रिक प्रक्रिया भनेको संसदीय व्यवस्था नै हो । संसदीय व्यवस्था भनेको पुँजीपतिहरुको अधिनायकत्व भएको व्यवस्था हो र यो नेपाली कांग्रेसहरुले भन्दैआएको व्यवस्था हो । प्रचण्डजीले हिजो लिएको बाटो जनवादी गणतन्त्रको बाटो थियो, तर अब उनी पुँजीवादी गणतन्त्र अर्थात् ने.कां.ले अँगीकार गरेको लोकतन्त्रमा आएका छन् । त्यो आएकोमा उनलाई गौरव छ ।

अब प्रचण्ड र देउवा मिलेर संयुक्त रुपमा यो लोकतन्त्र अर्थात् संसदीय व्यवस्थालाई सुदृढ गर्दै लैजाँदै छन् । यो संसदीय व्यवस्थालाई सुदृढ गर्ने भनेको शोषकवर्गको सत्तालाई अझ मजबुत बनाउनु हो । त्यसैले प्रधानमन्त्री शेरबहादुर देउवाले निर्णय गरेको सदाचारको नीतिले मजदुर किसानहरुको समस्या हल गर्न सक्दैन । ठीक त्यसै गरेर भू.पू. प्रधानमन्त्री प्रचण्डजीले भनेको लोकतन्त्र पनि मजदुर किसानलगायत आम शोषित पीडित जनताको लागि होइन । आज नेपालमा राष्ट्रियता र जनजीविकासम्बन्धी जुन समस्याहरु छन् तिनको समाधान पात्रमा खोजेर होइन कि व्यवस्थामा खोज्नु पर्दछ । पात्र परिवर्तन गरेर होइन व्यवस्था परिवर्तन गरेर मात्र हामी आम शोषित पीडित जनताको समस्या समाधान गर्न सक्दछौं । त्यसकारण यो प्रतिक्रियावादी संसदीय व्यवस्थालाई कमजोर पार्न र अन्तमा यसलाई ध्वंश गरेर नयाँ जनवादी व्यवस्था निर्माण गर्ने काममा क्रान्तिकारीहरु लाग्नु आजको आवश्यकता हो ।

## झर्रोटर्रो

✍ कैलुब्राह

# खोलो फर्क्यो

बाह्र बर्समा त खोलो पनि फर्कन्छ भन्थे उहिलेका बुढापाकाहरू । नेपाल मण्डलमा ठ्याक्कै बाह्र बर्समा साँच्चिकै खोलो फर्कियो । त्यो पनि बाह्र बर्स अघि जुन खोलाले आफ्नो खेत सखाप पार्ने गरी खेतबाट बगेको थियो, अहिले त्यहि खेतको मालिकले आफै बाँध बनेर आफ्नै खेततिर खोलो फर्कायो । खेत फाटेर धाँजाधाँजा परेको छ । फाटेको खेतको ठूलो भागमा खोलो पसायो । खेत मालिकको बुद्धिमा विर्को लागेर उँधो मति लागेपछि यस्तो विचित्रको खेल पनि हेर्नु पर्दो रहेछ जिन्दगानीमा ।

कुरो हो नेपाल मण्डलको सत्ता राजनीतिको । गोलघेरे दलका मिस्टर सुप्रिमोले प्रधानमन्त्रीको पद त्यागेर चारतारे दलका कामरेड डेउडापतिलाई पगरी गुथाइदिए । मिस्टर सुप्रिमोको यो कदमलाई नेपाल मण्डलका बडे वुद्धिजीवीहरूले परिपक्क कदम भनेर विश्लेषण गरे । यो नेपाल मण्डलका वुद्धिजीवीहरू पनि जता शक्ति उतै वुद्धि लगाउने खालका पो छन् त । अझ आफूलाई घागडान वुद्धिजीवी भनेर ढुकुरे छाती फुलाउँछन् ।

नेपाल कमाउ पार्टी माके अर्थात् मारवाडीकेन्द्रका मिस्टर सुप्रिमो पहिलोचोटी प्रधानमन्त्री हुँदा केटाकेटी र अपरिपक्क थिए रे अहिले परिपक्क भए रे । खासमा कुरा त्यस्तो थिएन । बरू कुरा के थियो भने त्यतिवेला मिस्टर सुप्रिमो दोहोरो चेपुवामा थिए । अहिले लगाम फुकेको घोडा भएका छन् । पहिला अपरिपक्क र अहिले परिपक्क त हुँदै होइनन् । परिपक्क त यिनी पहिला नै थिए । परिपक्क भएरै यिनले जनयुद्धलाई टुकुचामा सेलाएर लोकतन्त्रको बैतरणी तर्न गोरखाली डाक्टरसावको पुच्छर समाएका हुन् । पहिलोचोटी प्रधानमन्त्रीको पगरी गुथ्दा यिनका गुरु वैद्य साथमै थिए । भरखर जनयुद्धबाट आएको आगोको मुस्लो यिनका वरिपरि थियो । दायाँबायाँ हिँड्न खोज्यो कि आगोले पोल्न खोज्थ्यो । आगो छ अरब मूल्यको दमकलले निभाएर खरानी समेत बगाएर नाङ्गो जमिन पारिएको छ । वैद्यले यिनलाई जडिबुटि ख्वाउन छोडेर चार बर्स पहिला नै आफ्नो बाटो लागे । डाक्टरले पनि यिनलाई बैतरणी तराएर किनारा लगाएपछि डेउडापतिहरूको घरतिर हुलिदिएर आफूले कुकुरले हाड छोडेझैँ छोडेर हिँडे । अब मिस्टर सुप्रिमो फुक्काफाल भएका छन् । फुक्काफाल भएपछि जता हिँडे पनि र जसो गरे पनि भयो । यिनलाई लगाम लगाउने कोही छैन । यिनको दलमा भएका जति सबै यिनका हनुमान छन् । तिनलाई यिनको भजन गाउन ठिक्क छ ।

मिस्टर सुप्रिमोलाई वास्तवमा सबैले पूजा गर्नु पर्ने हो । माकुनेदेखि, झल्लुप्रसाद, गोरखाली डाक्टर, मिस्टर खिलप्रसाद, उखानप्रसाद र कामरेड डेउडापति यी सबैले मिस्टर सुप्रिमोलाई भगवान मानेर पूज्नुपर्ने हो । सबैले यिनकै बरदान पाएर प्रमको पद पाएका हुन् । बरदान मात्रै होइन बोकेरै पदमा पुऱ्याएका हुन् । तर सबैले यिनकै खोइरो पो खन्छन् । कस्ता असत्ती । जुन थालमा खायो त्यही थालमा हगेर पो हिँड्छन् बा । वास्तवमा मिस्टर सुप्रिमोले लोकतन्त्रमा आउने आँट नगरेको भए यी मनुवाहरू कसैले पनि प्रम हुने अबसर सात जुनीसम्म पनि पाउने थिएनन् । यो कुरा पक्का हो । अहिले फर्किएको खोलो पनि मिस्टर सुप्रिमोकै बरदान हो । कति अभागी रैछन मिस्टर सुप्रिमो । जस्लाई बोकेर हिँड्यो त्यसैले टाउकामा बददददद छेरिदिन्छ र कुरूप अनुहार पारिदिन्छ । त्यही भएर पनि अस्ती संसदमा निकै रिसाएका थिए सुप्रिमो ।

यसपाली सत्ताको खोलो फर्कियो । बाह्र बर्स पहिला नारानहिटीका बाबुसाबले लात्ताले ब्वाङ्ग हिर्काएर यी डेउडापति बाबुसाबलाई रक्षानमा मिल्काइदिएका थिए । त्यसपछि रन्थनिएका डेउडापति गिरिजापतिको दलतिर शरण परे । पालो पर्खंदा पर्खंदा अहिले आएर बल्ल खोलो फर्काउन सफल भए । मिस्टर सुप्रिमोले ‘लोकतन्त्रलाई सैद्धान्तिक प्रतिवद्धताका साथ निष्ठापूर्वक’ समाएर नआएको भए यो खोलो फर्कने थिएन । यतिबेला कि त नारानहिटीका बाबुसाब झनै ठूला शेर बनेर बसेका हुन्थे कि त वैद्यको आयुर्वेद्ध अनुसारको शाषन सत्ता चलेको हुन्थ्यो ।

खोलो फर्केर सत्तासिन भएपछि झर्रोटर्रोलाई अन्तरवार्ता लिनु परो भनेर यो कैलुब्राह सिँहदरबार छिऱ्यो । कामरेड डेउडापतिकै कार्यकक्षमा पुग्दा उनी खादा र २१ किलोको मालाले विभुषित भएर विराजमान थिए । अनि मैले पनि एउटा खादा भिराएर बधाई दिएँ र ‘बाह्र बर्समा खोलो फर्कंदा तपाईंलाई कस्तो अनुभूति भएको छ’ भनि प्रश्न सोधेँ । उनले भने - ‘हेर्नुस् पत्रकार ज्यु ! मलाई त हुनैसम्मको खुसी भो नि भनेर भन्नलाई । मिस्टर सुप्रिमोसँग मितेरी नगाँस्या भए त बर्बाद थ्यो नि भनेर भन्नलाई । हुनसम्म भो नि हुनसम्म । अब के कुरा गर्ने । बरू अलिकता ढिला भो भनेर भन्नलाई ।’ अनि मैले ‘ तपाईले त सुप्रिमोको टाउकोलाई पचास लाख तोक्नुभाथ्यो अहिले कसरी मितेरी गाँसियो’ भनेर सोध्दा उनले भने -‘ तोकेकै हो नि भनेर भन्नलाई । त्यो बेला त्यस्तै थ्यो नि, के गर्ने त भनेर भन्नलाई । उहाँले पनि त हामीलाई शत्रु भनेर लड्या हो नि, अहिले हाम्रै ठाउँमा आइपुग्नुभो त । शरण परेकालाई मरण दिनु त भएन नि भनेर भन्नलाई । कि कसो भन्नुस् त ?’ ‘अहिलेको चुनावमा त तपाइँहरू मिलेर सूर्यछापसँग लड्नुभो कसरी काङ र बामको मिलती भयो अलिकता रहस्य बताइदिनुस् न’ भनेर जिज्ञासा राखेँ । उनले भने - ‘धत्तेरिका के कुरा गरेको भन्या तपाइँ पनि ? अब काङ बाम भन्ने क्यै छैन क्या भनेर भन्नलाई । संविधानमा सबै समाजवादमा जाने भनिसक्या छौं । हामी दुवैको वर्ग एउटै भयो भन्या । कस्तो कुरा नबुझ्या तपाइँहरू । देख्नु भएन चुनाउमा मैले हँसिया ठोक्केमा भोट हाल भनेर मेरा कार्यकर्तालाई भनिसकेँ, सुप्रिमोले रुखमा छाप लगाऊ भनेर आफ्ना रैतिहरूलाई आदेश भर्नु भो नि । मैले लालसलाम भनेँ उहाँले जयनेपाल भन्नुभो भनेर भन्नलाई । देख्नु भएन ? अब म कामरेड भएँ उहाँ मिस्टर हुनुभो भनेर भन्नलाई । अब हाम्रो वर्गको पर्खाल बर्लिनको पर्खाल भत्केझैँ भत्किसक्यो । हाम्रो बाटो एउटै हो । मैले त हाम्रो पिरती दीर्घकालसम्म लैजानु पर्छ भनिसक्या छु भनेर भन्नलाई ।’ अन्त्यमा डेउडा गीत गाए र सबैलाई नचाए ।

*खोलो फर्क्यो बाह्र बर्से उठ्नेबेला भैगयो,*
*अब लडाइँ सक्यो हाम्रो जुट्नेबेला भैगयो ।*
*काङबाम मिल्दा खोलो फर्क्यो उठ्नेबेला भैगयो,*
*भयो चमत्कार यहाँ लुट्नेबेला आइगयो ।*
*२६ जेठ २०७४*

*kailubraha73@gmail.com*

# म कसरी कम्युनिष्ट भएँ ?

नेपालको कम्युनिष्ट आन्दोलनको फाँटमा आफू कसरी सम्मिलित हुन पुगियो, कुन भावना र उद्देश्यबाट त्यसमा सम्मिलित हुन अभिप्रेरित भइयो भन्ने बारेमा सोच्नु भनेको पचास वर्ष अघिको कुरालाई सम्झना गर्नु हो, आफ्नो लामो राजनीतिक जीवनयात्रामा पहिला पाइलाहरुबारे सम्झना गर्नु हो ।

मानिसको जीवनको बाटो लामो भए पनि, त्यो कहिल्यै सोझो हुँदैन, बरु उक्त बाटोमा अनेकौं मोड र मानिसको जीवन-यात्रामा यस्ता मोड र घुम्ती आउँछन्, जसमा उसले चाल्ने पाइलाहरुले उनको यात्राको दिशालाई निर्धारित गर्छन् । चाहे निजी मामिलामा होस्, चाहे राजनीतिमा होस्, चाहे व्यक्तिगत जीवन-वृत्तिको सवालमा होस्, जुन बेलामा नाजुक मोडमा आएर उसबाट एउटा छनौट गरिनुपर्ने सवाल उसको सामु उपस्थित हुन्छ, त्यसबेला उसले उठाउने पाइलाले उसको सम्पूर्ण जीवनलाई प्रभावित पार्न सक्छ । त्यस्तो स्थितिमा, यदि उसले गलत दिशातर्फ पाइला चाल्न पुग्छ भने, त्यसले उसको सम्पूर्ण जीवनलाई बर्बाद पार्न सक्छ । चौबाटोमा गलत बाटोको छनौटले उसलाई गलत ठाउँमा पुऱ्याउँछ । उसले गर्ने छनौटमा तत्कालिन परिस्थिति र वातावरणको ठुलो भूमिका रहन्छ, तर उसको आफ्नो सोच र निर्णयको कुनै भूमिका रहँदैन भन्ने कुरा होइन । खास गरेर युवावस्थामा गलत दिशातर्फ चालिएको यस्ता अनेकौं घटनाहरु देखेका छौं र अहिले पनि देखिरहेका छौं, जसमा युवावस्थामा गलत दिशातर्फ चलिएको पाइलाहरुले सम्बन्धित व्यक्तिको सम्पूर्ण जीवनलाई नराम्ररी प्रभाव पारेका छन् वा विनष्ट समेत गरेका छन् ।

नेपालको संगठित कम्युनिष्ट आन्दोलनको सुरुको अवधिमा नै आफू कम्युनिष्ट फाँटमा सम्मिलित हुन पुग्नुमा केही स्थितिहरु कारकतत्व रहेका थिए, त्यसमध्ये केहीको चर्चा यहाँ गरिन्छ ।

जुन बेला म मुलुकको राजनीतिक क्षेत्रमा आएको थिएँ, त्यो २००७ सालको क्रान्तिको स्थिति थियो । एकतन्त्रात्मक राणा शासनको निस्सासिंदो वातावरण अन्तर्गत हुर्केर युवावस्थामा पुगेका(त्यस बेलामा भर्खर १९ वर्षको थिएँ) ममा राजनीतिक ज्ञान र चेतना त्यति नहुनु स्वाभाविक थियो, तर पनि क्रान्तिको केही अघि राजधानी काठमाडौंमा भएका राणाशाहीविरोधी जुलुस र हडतालहरुमा सहभागी बनें । त्यो त्यस्तो बेला थियो, जब राणशाही विरोधी जनआन्दोलन उत्थानको स्थितिमा थियो र सर्वसाधारण जनता आन्दोलित रहेका थिए । उक्त क्रान्ति सम्झौतामा टुङ्गोपछि मुलुकमा बहुदलीय व्यवस्थाको प्रादुर्भाव भयो, र राजनीतिक रंगमञ्चमा खुल्ला रुपमा राजनीतिक पार्टीहरु देखा परे । त्यो बेला सम्पूर्ण मुलुकमा बहुदलीइ व्यवस्थाको प्रादुर्भाव भयो, सम्पूर्ण वातावरण राजनीतिमय थियो, राजनीति आम बहस र कुराकानीको विषय थियो । विभिन्न राजनीतिक पार्टीहरु सदस्य बनाउने, संगठनको विस्तार गर्ने अभियानमा लागेका थिए । क्रान्तिको लगत्तैपछिको स्थितिमा काठमाडौंमा उक्त अभियानमा लागेका मुख्य रुपमा दुइटा पार्टी थिएः नेपाली कांग्रेस र नेपाल प्रजा परिषद । र त्यसबेला नेपाल कम्युनिष्ट पार्टी काठमाडौंमा आम प्रचारमा आएको थिएन र त्यसबारे आमजनतालाई राम्ररी थाहा थिएन । काठमाडौंका नागरिकहरुका लागि तत्कालीन स्थितिमा नेपाली कांग्रेस र नेपाल प्रजा परिषद मध्ये एउटालाई छान्नुपर्ने अवस्था थियो । काठमाडौं नरदेवी इलाकामा एकाधलाई छाडेर राजनीतिमा चाख राख्ने सबैजना प्रजा परिषदका सदस्य बने र तिनमा म आफू पनि सामेल भएँ । उक्त इलाकामा प्रजा परिषदको विशाल सदस्यता हुनुमा एउटा प्रमुख भूमिका मेरो आफ्नो पनि थियो, किनभने पढेलेखेका मानिसहरु निकै थोरै भएको तत्कालीन स्थितिमा उक्त इलाकामा आफू बी.ए. सम्म पढेका हुनाले सर्वसाधारणमा मेरो प्रभाव रहेको थियो । उक्त संस्थामा रहेर काम गर्ने सिलसिलामा विभिन्न राजनीतिक नेताहरुसित सम्पर्क भयो र केही राजनीतिक ज्ञान र व्यवहारिक अनुभव भयो । केही समयपछि २००८ साल असारमा नेपाल कम्युनिष्ट पार्टी र नेपाल प्रजा परिषद लगायत विभिन्न जनवर्गीय संगठनहरुको एउटा संयुक्त मोर्चा गठन भयो, जसको नाम 'जातीय जनतान्त्रिक संयुक्त मोर्चा' थियो । उक्त मोर्चा अस्तित्व छोटो समयको रह्यो र २००९ साल भाद्रमा गएर विभिन्न कारणवश त्यसको विघटन भयो । त्यसको विघटनपछि प्रजा परिषदको धेरैजना सदस्यहरु कम्युनिष्ट पार्टीतर्फ लागे, जसमध्ये म पनि एकजना थिएँ ।

प्रजा परिषदको सदस्यको हैसियतबाट राजनीतिक काम गर्ने सिलसिलामा धेरैजना कम्युनिष्ट नेता र कार्यकर्ताहरुसित मेरो सम्पर्क र उठबस भाये । कम्युनिज्म र कम्युनिष्ट पार्टीका समर्थक भए पनि म तुरन्त पार्टी सदस्य बनिन् र नबन्नुमा एउटा कारण थियो । त्यस बेला मेरो सोच कस्तो थियो भने सदस्य भएपछि पूरै समय पार्टीमा लाग्नु पर्छ, तर परिवारको निकै कमजोर आर्थिक अवस्था र आफूले कमाएर परिवार पाल्नुपर्ने स्थितिको कारण पूरै समय पार्टीलाई दिनसक्ने अवस्था आफ्नो थिएन । यस्तो सोच ममा आउनुमा त्यसबेलाको वातावरणको प्रभाव थियो । त्यसताका कम्युनिष्ट पंक्तिहरुमा कुन धारणाको पकड रहेको थियो भने रुसमा १९१७ सालमा फरवरी क्रान्ति भएको आठ महिनापछि अक्टोबर समाजवादी क्रान्ति भए जस्तै, हाम्रो मुलुकमा दुई वर्षभित्र नयाँ जनवादी क्रान्ति अवश्य हुनेछ । तत्कालीन कम्युनिष्टहरुमा उक्त विचार व्यापक थियो । उक्त धारणा अनुसार, कम्युनिष्टहरु घरको काम, पढाई सब छाडेर पार्टीको काममा लाग्ने गरेका थिए । त्यसको प्रभाव ममा पनि परेको थियो । २००७ सालमा मैले बी.ए. फाइनलको जाँच दिनु थियो, तर आन्दोलनमा लाग्ने गर्नाले जाँच दिन पाएको थिएन । पछि, एक दिन जाँचको फारम भर्न भनेर गइरहँदा, साथीहरुले मलाई बाटैमा रोकेर फर्काइ दिएका थिए । उनीहरुको तर्क कस्तो रहेको थियो भने अब चाँडो क्रान्ति भइहाल्छ र पूँजीवादी शिक्षा लिएर केही फाइदा छैन । उक्त धारणा गलत थियो भन्ने कुरा पछि विस्तारै थाहा भयो । वास्तवमा त्यो अपरिपक्व चिन्तनको उपज थियो, र क्रान्ति एउटा लामो प्रक्रिया हो बन्ने बुझ्न नसक्नाको फल थियो ।

२०१० सालमा जब म काभ्रे जिल्लाको श्रीखण्डपुरको एउटा प्राथमिक स्कूलमा शिक्षक रहेको थिएँ, नेपाल कम्युनिष्ट पार्टीको सदस्य बनैं । बाग्मती अञ्चलको काभ्रे जिल्लाबाट पहिलो जिल्ला संगठन कमिटीको सदस्य अर्थात् जिल्ला पार्टी संस्थापक सदस्यको रुपमा मेरो कम्युनिष्ट राजनीतिक जीवन-यात्राको थालनी भयो । त्यसरी म मुलुकको कम्युनिष्ट शिविरमा सामेल हुन पुगें ।



कृष्णदास श्रेष्ठ

ममा सानो उमेरदेखि जान्ने-सिक्ने उत्सुक्ता, ज्ञान प्राप्त गर्ने इच्छा रहेको थियो । राजनीतिक क्षेत्रमा आएपछि उक्त जिज्ञासा अरू बढ्न गयो । कम्युनिज्मतर्फको आकर्षणले मलाई कम्युनिष्ट सिद्धान्त पढ्ने-जान्नेतर्फ अभिप्ररित गऱ्यो । प्रजा परिषदमा कार्यरत रहँदा, कसले हो कन्नी मलाई मार्क्सद्वारा लिखित 'पुँजी', भाग १ (अंग्रेजीमा) पढ्नु भनेर दिए । मेहनत गरेर पढ्दा पनि त्यसबेला मैले त्यसलाई त्यति बुझ्न सकिन । त्यही बेला साथीहरूले एउटा अंग्रेजी किताब नेपालीमा अनुवाद गर्न आग्रह गरेर दिए, र त्यो अमेरिकी उपन्यास 'द आइरन हेल' थियो, जसको लेखकको नाउँ मलाई याद भएन । लेख्ने र अनुवाद गर्ने बानी नभएको र सिकारू अवस्थामा, साथीहरूको आग्रहलाई टार्न नसकी मैले सो किताबको अनुवाद गर्न थाले, र अढाई महिना जति खुब मेहनत गरेर सिध्याएँ पनि । कच्चा व्यक्तिले गरेको सो अनुवाद एकदमै भद्दा र छाप्न लायकको नभएको खालको हुन् स्वाभाविक थियो, तर त्यसमा मैले खर्चेको श्रम पुरै खेर गएन, किनभने त्यसबाट मलाई केही कुराको ज्ञान भयो ।

२००७ सालको क्रान्तिको लगत्तै पछिको स्थितिमा तत्कालीन सत्तामा पुगेका नेपाली कांग्रेसतर्फ लाग्नुको सट्टा, शोषित-पीडित जनताको मुक्ति लक्ष्यको पक्षमा लड्ने कम्युनिष्ट पार्टीतर्फ किन आकर्षित भइयो ? अर्थात अर्को शब्दमा, उदारपन्थमा लाग्नुको सट्टा क्रान्तिकारी पक्षतर्फ किन आकर्षित भइयो ? जहाँसम्म कम्युनिष्ट फाँटमा मेरो सामेलीसित उक्त सवालको सम्बन्ध छ, त्यसको मूल जडमा मेरो वर्गीय स्थिति रहेको थियो । सामान्य रुपमा ठीकसित कुन कुरा बताइएको छ भने आफ्नो आर्थिक स्थितिको कारणले गर्दा सर्वहारावर्ग र अन्य श्रमिक वर्गहरु, निम्न आर्थिक स्तरका जन-समुदायहरु कम्युनिज्म र कम्युनिष्ट संगठनतर्फ चाँडो र सहज रुपमा आकर्षित हुन्छन् । यो व्यवहारसिद्ध कथन पनि हो । कम्युनिज्म भनेको शोषण तगा उत्पीडनका विरुद्ध र एक वर्गहीन, सुखी तथा समृद्ध समाजको निर्माणको लागि एउटा आन्दोलन भएको हुनाले, शोषित-पीडितहरु र अभावग्रस्त जीवन बिताउनेहरु स्वाभाविक रुपले त्यसतर्फ आकर्षित हुन्छन् । उपयुक्त सामान्य कथन मेरो सम्बन्धमा पनि साँचो रहेको छ । निम्न मध्यमवर्गीय परिवारमा जन्मेको र कठिन जीवन बिताउने वातावरणमा हुर्केको कारणले गर्दा, राजनीतिमा चारख पैदा भएदेखिन् कम्युनिज्मतर्फ मेरो आकर्षण रहेको थियो । आकर्षण थियो, तर मार्क्सवादी दर्शन, कम्युनिष्ट सिद्धान्तबारे खास ज्ञान थिएन । त्यसबेला मेरो युवा सोच कस्तो रहेको थियो भने नेपाली कांग्रेस जस्ता पार्टीहरु धनीहरुको सेव ागर्ने पार्टी हुन् र कम्युनिष्ट पार्टीले धनी-गरिबको भेदलाई हटाउँछ र त्यसले कोही गरिब कोही धनी राख्दैन । तत्कालीन समाजका धनीहरुको स्वार्थी, निकृष्ट तथा घमण्डी व्यवहार देखेर ममा तिनीहरुप्रति गहिरो घृणा थियो । त्यही सोच र घृणाले ममा कम्युनिज्म र कम्युनिष्ट पार्टीप्रति आकर्षण र प्यार पैदा गऱ्यो । उपयुक्त सोच पछि गएर मार्क्सवादी सिद्धान्त र कम्युनिष्ट पार्टीप्रति दरो समर्थनमा र उपयुक्त घृणा पछि गएर शोषण, उत्पीडन र अन्याय-अत्याचारप्रति घृणा र विरोधमा विकसित भयो । पहिले वर्गीय अन्तप्रेरणाबाट कम्युनिज्मतिर आकर्षित भएँ र संघर्षरत र सिक्ने सिलसिलामा एक अधिक सचेत कम्युनिष्टमा विकसित हुन पुगें ।

कुनै व्यक्ति कम्युनिज्मतर्फ आकर्षित भएको भन्नाले कदापि पनि त्यसप्रति उसको दृढ विश्वास तथा आस्थालाई जनाउँदैन । आकर्षण क्षणिक पनि हुन सक्छ, वा आकर्षण पछि गएर, विकर्षणमा परिणत पनि हुन सक्छ, र त्यस्तो भएका घटनाहरु कम छैनन् । आकर्षण अखण्ड विश्वासमा, दरो अवस्थामा परिणत हुन केही कुराहरु हुनु आवश्यक पर्छ । मेरो मामिलामा, एकाध कुराहरुले कम्युनिज्मप्रतिको आकर्षण दरो विश्वासमा परिणत हुन गयो, जसको उल्लेख गर्नु यहाँ प्रासँगिक देखिन्छ ।

२००८ सालमा (मिति याद छैन) झापामा एकजना साथीको साथमा काठमाडौंका हामी ५,६ जना झापा गएका थियौं । त्यसबेला त्यहाँ किसानहरुको सङ्घर्ष चलिरहेको थियो, र हामीलाई त्यहाँ लैजाने साथी उक्त संघर्षका एकजना संगठनकर्ता रहेको पछि थाहा भयो । क्रान्ति सम्झौतामा टुंगेको लगत्तैपछि भएको उक्त संघर्ष नेपाल कम्युनिष्ट पार्टीको मातहातमा अखिल नेपाल किसान संघको नेतृत्वमा देशका विभिन्न भागमा भएका किसान संघर्षहरुको क्रममा एउटा महत्वपूर्ण श्रृङ्खला थियो । विभिन्न मागहरुलाई लिएर 'धान कटनी हडताल' को रुपमा भएको उक्त झापा किसान संघर्ष सामन्त-विरोधी किसान संघर्षको इतिहासमा एउटा गौरवशाली प्रकरण रहेको छ । धानको बाला सारा पहेंलो भइसकेको थियो, माग पूरा नभएसम्म सारा किसानहरु धान नकाट्नमा दृढ थिए, सामन्ती जग्गा धनीहरु कहीं देखापर्न सकेका थिएनन् र किसानहरुको संगठित तगा लडाकू तागत देखेर प्रशासन र प्रहरीले हडताल स्थलमा जाने हिम्मत गर्न सकेका थिएनन् । उक्त संघर्षमा किसानहरुद्वारा प्रदर्शित साहस, वीरता र लडाकू भावनाले प्रत्येक जनमुक्तिपक्षीय तथा न्यायप्रेमी व्यक्तिमा उत्साह र हौसला पैदा गर्नु स्वाभाविक थियो । लाल झण्डामुनि संगठित किसानहरुको शानदार संघर्षलाई मैले प्रत्यक्ष रुपमा देख्ने मौका पाएँ, र त्यसले ममा गहिरो प्रभाव पार्नुका साथै कम्युनिज्मप्रति, र जनताको महान शक्तिप्रति दृढ विश्वास उत्पन्न गऱ्यो । त्यो एक प्रकारले कम्युनिष्ट बन्नेतर्फ एउटा चुडाकरण थियो ।

अर्को कुरा, ममा सानो उमेरदेखिन् जान्ने-सिक्ने उत्सुक्ता, ज्ञान प्राप्त गर्ने इच्छा रहेको थियो । राजनीतिक क्षेत्रमा आएपछि उक्त जिज्ञासा अरु बढ्न गयो । कम्युनिज्मतर्फको आकर्षणले मलाई कम्युनिष्ट सिद्धान्त पढ्ने-जान्नेतर्फ अभिप्ररित गऱ्यो । प्रजा परिषदमा कार्यरत रहँदा, कसले हो कन्नी मलाई मार्क्सद्वारा लिखित 'पुंजी', भाग १ (अंग्रेजीमा) पढ्नु भनेर दिए । मेहनत गरेर पढ्दा पनि त्यसबेला मैले त्यसलाई त्यति बुझ्न सकिन । त्यही बेला साथीहरुले एउटा अंग्रेजी किताब नेपालीमा अनुवाद गर्न आग्रह गरेर दिए, र त्यो अमेरिकी उपन्यास 'द आइरन हेल' थियो, जसको लेखकको नाउँ मलाई याद भएन । लेख्ने र अनुवाद गर्ने बानी नभएको र सिकारु अवस्थामा, साथीहरुको आग्रहलाई टार्न नसकी मैले सो किताबको अनुवाद गर्न थाले, र अढाई महिना जति खुब मेहनत गरेर सिध्याएँ पनि । कच्चा व्यक्तिले गरेको सो अनुवाद एकदमै भद्दा र छाप्न लायकको नभएको खालको हुन् स्वाभाविक थियो, तर त्यसमा मैले खर्चेको श्रम पुरै खेर गएन, किनभने त्यसबाट मलाई केही कुराको ज्ञान भयो । त्यसबाट मलाई समाजवाद र मजदुर ज्ञान बढ्यो । त्यो कुरा मेरो भावी बौद्धिक क्रियाकलापको लागि निकै लाभदायक रह्यो । काभ्रेमा शिक्षक भएर रहँदा मैले मार्क्सवादसम्बन्धी अलि व्यवस्थित ढङ्गले अध्ययन गर्न अवसर पाएँ । अध्ययन गरिएका पुस्तकहरुमा मार्क्स र ऐन्जेल्सका दुई भागमा अंग्रेजीमा प्रकाशित 'छानिएका रचनाहरु' प्रमुख थिए । उक्त कृतिहरुलाई मैले खुब मेहनत गरेर पढें, कमसेकम सात पटक पढें हुँला । त्यसरी गरेको अध्ययनले मलाई मार्क्सवादसम्बन्धी आधारभूत समझदारी र ज्ञान हासिल गर्न मद्दत गऱ्यो । ती सब कम्युनिष्ट बन्नतर्फ मेरो वैचारिक चुडाकरण थियो ।

उपरोक्त स्थिति र पाइलाहरुले मलाई मार्क्सवाद र कम्युनिष्ट आदर्शहरु ग्रहण गर्नतर्फ निश्चयात्मक रुपले निर्देशित गरे र म नेपाल कम्युनिष्ट पंक्तिमा सामेल हुन् पुगें ।

## क्रान्तिकारी...

कम्युनिष्टहरुलाई ध्वस्त पार्नका निम्ति गरिएको वैदेशिक प्रतिक्रियावादद्वारा निर्देशित दक्षिणपन्थी संशोधनवादी षड्यन्त्रबाहेक अरु केही होइन भन्ने कुरा पनि अब छर्लङ्ग भइसकेको छ ।"

अध्यक्ष किरणको वक्तव्यले स्पष्ट संकेत गरेको छ कि माओवादी केन्द्र र क्रान्तिकारी माओवादीको वर्गस्वार्थ र वर्गकित्ता नै अलग भइसकेको अवस्थामा एकताको आव्हान गर्नु क्रान्तिकारीहरुलाई सिध्याउने षड्यन्त्रबाहेक अरु हुन सक्दैन । नेपालमा नयाँ जनवादी क्रान्ति सम्पन्न गर्ने मूल उद्देश्यसहित सुरु गरेको जनयुद्धलाई अन्त्य गरी जनयुद्धमार्फत् उठाइएका राष्ट्रियता, जनतन्त्र र जनजीविकाका एजेण्डाहरु परित्याग गरी देशी विदेशी प्रतिक्रियावादीहरुसँग आत्मसमर्पण गरेको क्रान्तिकारी माओवादी र नेकपाका नेता कार्यकर्ताहरुले दावी गर्दै आएका छन् । विगत जनयुद्धकालमा टाउकाको मूल्य तोक्ने र जनयुद्धमाथि नृशंस दमन गर्ने तत्कालीन शेरबहादुर देउवा नेतृत्वको सरकारलाई तत्कालीन नेकपा (माओवादी)ले वर्गदुश्मन करार गरेको थियो । तर अहिले आएर उनै देउवा नेतृत्वको कांग्रेस र प्रचण्ड नेतृत्वको माकेबीच चुनावी तालमेलदेखि सत्ता भागवण्डामा भएको सहकार्यले उल्लेखित दावीलाई नै पुष्टि गरेको छ । प्रचण्ड नेतृत्वको सरकारले विगतका सबै असमान सन्धि सम्झौताहरुलाई माथ गर्ने गरी भारतीय समकक्षी मोदी नेतृत्वको सरकारसँग गरेको २५ बुँदे राष्ट्रघाती सम्झौताले प्रचण्ड र उनी नेतृत्वको माकेलाई लम्पसारवादी भएको आरोप पनि लाग्यो । भारतीय विस्तारवादको निर्देशन अनुसार नै माकेले आफ्ना राजनीतिक एजेण्डाहरु तयार गर्ने गरेको पनि क्रान्तिकारी माओवादीका नेताहरुले बताएका छन् । यता सत्ता र शक्तिको दुरुपयोग गरेर माकेले संस्थागत भ्रष्टाचार गर्ने गरेको र माकेभित्र एउटा पंक्तिको वर्गउत्थान असामान्य रुपमा भएको पनि माकेकै एक कार्यालय सदस्यले नाम उल्लेख नगर्ने शर्तमा बताए । यस्तो अवस्थामा माओवादी केन्द्रको पार्टी एकता क्रान्तिकारी माओवादी तथा नेकपासँग नभएर एमाले वा कांग्रेससँग हुन सक्ने ती नेताले बताए । विचार, वर्गस्वार्थ र उद्देश्य कांग्रेस, एमाले र राप्रपासँग मिल्ने भएकाले माकेले ती



पार्टीहरुसँग एकता गरे सहज हुने पनि ती नेताले दावी गरे । उनले प्रश्न गरे, "क्रान्तिकारी माओवादी र नेकपासँग माओवादी केन्द्रको विचार, उद्देश्य, आदर्श नै मिल्दैन, कसरी एकता हुन्छ ? क्रान्तिकारी र प्रतिक्रियावादन्मुख शक्तिसँग कसरी एकता हुन सक्छ ?"

यता क्रान्तिकारी माओवादीका अध्यक्ष किरणले सार्वजनिक गरेको वक्तव्यमा पार्टी एकतासम्बन्धी पार्टीको धारणा तथा बटमलाइन स्पष्ट पार्दै भनेका छन्, "हाम्रो पार्टी मार्क्सवाद-लेनिनवाद-माओवाद, नयाँ जनवाद, वलप्रयोगको सिद्धान्त, वैज्ञानिक समाजवाद तथा साम्यवादलाई स्वीकार्ने, साम्राज्यवाद, विस्तारवाद तथा सबैखाले संशोधनवाद मुख्यतः दक्षिणपन्थी संशोधनवादका विरुद्ध संघर्ष गर्न तयार हुने र वर्तमान प्रतिक्रियावादी राज्यसत्ता, संविधान तथा व्यवस्थाको विरोध गर्ने सच्चा कम्युनिष्ट क्रान्तिकारीहरुलाई एकताबद्ध गरी नयाँ ढंगको कम्युनिष्ट पार्टी निर्माण गर्न तयार छ ।" अध्यक्ष किरणले त्यसका निम्ति आवश्यक छलफल तथा बहसको प्रक्रियालाई अगाडि बढाउन सम्बन्धित सबै सच्चा कम्युनिष्ट कमरेडहरुसित विशेष अनुरोध एवम् आव्हान समेत गरेका छन् ।

क्रान्तिकारी माओवादीले नेपालमा नयाँ जनवादी क्रान्ति सम्पन्न गर्नका लागि आवश्यक पर्ने तीन जादुगरी हतियार- क्रान्तिकारी पार्टी, क्रान्तिकारी संयुक्त मोर्चा र क्रान्तिकारी जनसेनाको निर्माणलाई अनिवार्य शर्त मान्दै आएको छ । त्यसैका लागि अध्यक्ष किरणले नयाँ ढंगको क्रान्तिकारी पार्टी निर्माणका लागि सच्चा कम्युनिष्ट क्रान्तिकारीहरुबीचमा छलफल तथा बहसको प्रक्रिया अगाडि बढाउनु पर्ने जरुरी ठानेर सार्वजनिक आव्हान गरेका छन् । समकालीन कम्युनिष्ट आन्दोलनको क्रान्तिकारी धाराको नेतृत्व नेकपा (क्रान्तिकारी माओवादी)ले गर्दै आएको छ ।

# अश्वनस नीति र संसदीय परिपाटीको चुनावको अन्तर्य

चुनाबमा जनाताको अभिमत प्रकट हुन्छ, लोकतन्त्रको सौंदर्य हो आदी इत्यादी कुरा संसदवादीहरुले जती फलाकेपनि यो झुठ र भ्रम हो भन्ने यथार्थ संसदवादीहरुको व्यवहार र देशको दुर्दशावाट स्पस्ट हुन्छ । चुनाव जनाताको चेतना स्तर नाप्ने ब्यारोमिटर भनिएपनि संसदीय व्यवस्थामा चुनाव जित्ने आधारहरु जागिर, पैसा (मनी), बाहुबल (मसल), धुँवादार प्रचारवाजी, आर्थिक मुक्ति, मत खरिद गर्ने राज्य सत्ताको दुरुपायोग, झुठ, जालझेल हुनाले कथनी र करनीमा धेरै फरक देखिन्छ ।

**(१) घोषणापत्रको लडाइँ होइन पैसा, जागिर र मुढे बलको लडाइँ**

पुँजीवादी समाजमा चुनावको कुरा गर्नु घोषाणापत्रको या राजनैतिक सिद्धान्त, विचार र व्यवहारको लडाइँ होइन कि, तैले धेरै जागिर दिन सक्छस् कि मैले ? तेरो जागिर दिने ठाउँ (उत्पादनको साधन ?) धेरै छ कि मेरो ? भन्ने कुराको चुनाव या संख्या गिन्ती या जागिरे, फाइदा लिने, नोकरी गर्नेको टाउको गिन्ती मात्र हो । नत्र एउटै पार्टीको सिद्धान्त देशै भरी एउटै भए पनि कुनै ठाउँ मा जित्छ, कुनै ठाउँमा पतासाफ हुँदै जन्छ । आखिर किन त ? जागिर खुवाउन सक्ने ठाउँमा जितिराख्छ, अरु ठाउँमा हार्छ । त्यस्तै चुनाव भनेको तैले धेरै पैसा खर्च गर्न सक्छस् कि मैले ? तेरो मुढे बल देरै छ कि मेरो ? भन्ने प्रतिस्पर्धा मात्र हो भन्ने कुरा त बिभिन्न घटना क्रमले पुष्टि गरिसकेको छ ।

**(२) अश्वनस नीतिः जित्न जे पनि गर्ने आपराधिक नीति**

सामन्ती राजनीतिका आदर्श चाणक्यको एउटा राजनीतिक लाइन थियो-अश्वनस नीति । आफ्नो लक्ष्य हासिल गर्न जुनसुकै गलत काम गर्दा पनि हुने, जस्तै अपराध गरेर पनि लक्ष्य प्राप्त गर्ने नीति नै अश्वनस नीतिको सार हो । अहिले संसदवादी दलहरुले चुनाव जित्नका लागि जालझेल, छलछाम, गलत, अन्याय, अत्याचार आदी सामन्ती र पूँजीवादी राजनीतिका कुटिल चाल र हतकण्डा प्रयोग गर्छन् । तर संसारमा कम्युनिष्ट क्रान्तिकारी राजनीतिको शुरुवात त्यस्ता छल र षड्यन्त्रबाट सम्बन्ध विच्छेदसँगै भएको थियो । र, सच्चा क्रान्तिकारीहरुले कहिल्यै त्यस्तो गलत काम गर्नु हुँदैन । गलत काम गर्ने कुनै असल बाटो हुँदैन ।

**(३) आर्थिक मुक्तिबिना वैचारिक मुक्ति गाह्रो**

जागिर दिएको भरमा, ठेकापटा मिलाएको भरमा, भोलि पसल या व्यापार चल्छ कि चल्दैन भन्ने आशा र डरमा, निश्चित पार्टीलाई भोट दिनै पर्ने बाध्यता जबसम्म रहन्छ, तबसम्म चुनाबबाट जनताको अभिमत प्रकट हुन्छ भन्नु दीवा सपना मात्र हो । जबसम्म आर्थिक मुक्ति हुँदैन तबसम्म चुनाब भन्नु मनी (पैसा), मसल (मुढे बल) र जागिरको प्रतिस्पर्धा मात्रै हुने निश्चित छ । त्यसैले चुनावले सत्यको होइन शक्तिको अभिव्यक्ति मात्र दिन्छ पनि भनिन्छ ।

**(४) वैचारिक र व्यवहारिक श्रेष्ठता र वैज्ञानिकता, त्याग, बलिदान, इमान्दारिता भन्दा पनि प्रचारबाजी र ग्ल्यामरको प्रभाव धेरै,**

चुनाबमा वैचारिक र व्यवहारिक श्रेष्ठता र वैज्ञानिकता, त्याग, बलिदान, इमान्दारिता, सही या गलत, ठीक या बेठीक, असल या खराब, न्याय या अन्यायको कुनै अर्थ नै नभए जस्तो भैसकेको छ, पुँजीवादी प्रचारले गर्दा । राजनीतिक नारा, सिद्धान्त भन्दापनि प्रचारबाजी र ग्ल्यामरको प्रभाव धेरै हुनु दुःखद छ । राजनीतिक रुपमा कम सचेत भएका जनतालाई प्रचारबाजीको शिकार बनाइएको छ । गहिराइमा बुझ्ने भन्दापनि छिपछिपे र सतही ढंगले बुझ्ने बानीले नि यसो भएको हो । अनी त जहिल्यै नीति एउटाको नेतृत्व अर्कैको हुने समस्या छ ।

**(५) केही गरेर भन्दा पनि कुरो बँग्याएर सफल भइने रहेछ राजनीतिमा**

यो राजनीति भनेको केही गरेर भन्दा पनि कुरो बँग्याएर सफल भइने रहेछ । जस्तै, ओलीले बाहुनवादलाई राष्ट्रवादको भ्रम दिएर माहोल ल्याए । काँग्रेसले नि आफ्नो स्वार्थको लागि जागिर खुवाउन, पैसा कमाउन गरेको कामलाई विकास गर्न, सेवा गर्न गरेको भनेर कुरा बंग्याउदैछ । पैसा नआउने क्षेत्र, आफूलाई फाइदा नहुने ठाउँमा कौडी खर्च नगर्ने, जनाताको सेवामा आँखा चिम्लनेहरु नै विकास गरेको भनेर कुरा बंग्याउन्छन् ।

**(६) सामन्ती सोचः जित्नेलाई मात्र भोट दिने बानी, हार भन्दा आत्मसमपर्पण खतरनाक**

चुनावमा जित्नेलाई मात्र भोट दिनु पर्छ भन्ने मानसिकाताले धेरै काम गरेको पाइन्छ । ठूलो शक्ति या पार्टी सामु झुक्नु, ठूलोले थिचोमिचो गरे पनि जे गरे पनि ठीक भन्नु, सानो प्रति हिनताबोध गर्नु, या हिनताबोध गराउनु सामन्ती चरित्र हो । यसले खराबलाई प्रश्रय दिन्छ । हार्नु भन्दा आत्मसमर्पण झन खतरनाक हो । ठूलोका सामु अब लडेर सकिँदैन भनेर आत्मसपर्पण गर्नु या गराउनु, सानोको माग लाई अर्घेल्याइँ भनेर प्रचार गर्नु सबै शक्तिको भक्ति या जंगल राज मात्र हो । जंगलमा मात्र सिंहले खरायोलाई खानु न्यायोचित मानिन्छ । परिवर्तन र समानाताका पक्षधरले कहिल्यै आत्मसमर्पण गर्नु हुँदैन ।

**(७) राजनीति जित्नेको पेवा र हार्नेको सर्वनास हुने होइन**

एउटा चुनाव जित्दैमा राजनीति जित्नेको पेवा र हार्नेको सर्वनाश हुने होइन । नत्र नेपालको राजनीति आजपर्यन्त २०१५ सालको चुनावमा बहुमत ल्याएको कांग्रेसको पोल्टामा रहिरहनुपर्ने थियो । पहिलो संविधान सभाको चुनावमा नराम्ररी धुलो चाटेको एमाले आजसम्ममा मास छर्न कतै गइसकेको हुनुपर्ने हो, तर त्यसो भएन । जनयुद्धकालमा माओवादीले चुनावमा भाग लिएन तर माओवादीको राजनीति सिद्धिएन, बरु नेपाली राजनीति माओवादीकै सेरोफेरोमा घुमिरह्यो । त्यसैले मुख्य कुरा जनाताको सेवा गर्न छोड्नु हुन्न । चुनावमा जित्ने भन्दा नि जनताको निस्वार्थ सेवा गर्ने र गराउन सक्ने नेता र पार्टी नै सफल नेता र सफल पार्टी हो ।

**(८) जितें भन्नेहरुले भन्नु पऱ्योः मुक्ति, अधिकार र विकास खै ?**

चुनाव जितेर के के हुने जस्तो सोच्नु नै गलत छ र, यस्तो गलत चेतना दिने नेता र पार्टी नै गलत छ । उत्पीडित जाति, वर्ग, क्षेत्र, समुदाय, लिङ्गको मुक्ति र अधिकार नै मुख्य हो । यसका लागि नयाँ जनवादी क्रान्ति मात्र विकल्प हो । विकासको कुरा गर्ने नै हो भने खानेपानी, बाटोघाटो, यातायात, उन्नत बिउबिजन, विकास, सिचाइँ, खोलानाला, फोहर, केहीको व्यवस्थापन गर्न नसक्नेले अरु कुरा के गर्नु ? केही वर्ष पहिलेसम्म तरकारी, खाद्यान्न लगायतमा आत्म निर्भर भएको देश आज किन पर निर्भर भयो ?

**(९) लखपति–करोडपतिको चुनावः आधारभूत वर्गले चुनाव लड्न मुस्किल**

पुँजीवादी चुनाव अत्यन्त महंगो र खर्चालु भएको छ । भोज भतेर, अधिक खर्चको अनुगमन, नियन्त्रण कसैले गर्दैन । त्यसैले लाखपति करोडपति बाहेक आधार भुत वर्गले चुनाव लड्न मुस्किल भएको छ । पुँजीवादी-पुँजीपति त्यो राक्षसको नाम हो, जसलाई नाफा बाहेक केही मतलब हुँदैन, जसको हृदय फलामले बनेको हुन्छ भने जस्तै चुनवमा गरेको खर्चा पछि भ्रष्टाचार, अनियमितता गरैर जनातालाई शोषण गरैर असुल उपर गराउने भएकोले जनाताअ चनाखो हुन आवश्यक छ ।

**(१०) जनता तथा नेता बनाउन आवश्यक**

राजतन्त्रमा मात्र राजा तथा प्रजा भनिन्थ्यो तर अव गणतन्त्र आइसकेको छ, त्यसैले अब जनता तथा नेता बनाउन आवश्यक छ । जनाता पनि सचेत र इमान्दार हुन पऱ्यो । काँग्रेस-एमालेले देश बेचेको कसलाई थाहा छैन ? अन्याय अत्याचार र दुर्दशा निम्त्याएको कसलाई थाहा छैन ? तर पनि भोट किन दिइराखेको ? सोच्ने बेला आएको छ । देशघाती, जनघाती, आत्मसमर्पणवादी, विभेदकारी र भ्रष्टाचारी संसदवादीलाई नहराई परिवर्तन र विकास सम्भव छैन ।



श्रीकृष्ण सुलु

**जागिर दिएको भरमा, ठेकापटा मिलाएको भरमा, भोलि पसल या व्यापार चल्छ कि चल्दैन भन्ने आशा र डरमा, निश्चित पार्टीलाई भोट दिनै पर्ने बाध्यता जबसम्म रहन्छ, तबसम्म चुनाबबाट जनताको अभिमत प्रकट हुन्छ भन्नु दीवा सपना मात्र हो ।**




# राजनीतिक प्रयोग र परिणाम पछिको बाटो



● उत्तम सिम्खडा

**दोस्रो चरणको स्थानीय तहको निर्वाचन असार १४ गते गर्ने घोषणा भएअनुरुप पार्टी सोही तरिकाले प्रस्तुत हुनुपर्छ । निर्वाचनमा सहभागिता पनि संगठन निर्माणको महत्वपूर्ण अवसर हो । अबको समय संगठन निर्माणमा खर्चेर देशकै बलियो र जनविश्वास प्राप्त राजनीतिक शक्तिका रुपमा उदाउन अनिवार्य छ ।**

पहिलो चरणको २ सय ८३ स्थानीय तहको निर्वाचन सम्पन्न भएको छ । केही हिंसात्मक घटना, कतै सहमति र कतै असहमतिकाबीच निर्वाचन सम्पन्न भएको हो । तर जनगणतन्त्र स्थापना गरी जनतालाई पूर्ण अधिकारको प्रत्याभूति गराउने आधारभूमिलाई सशक्त बनाउने राजनीतिक कार्यदिशा भने स्थापित गर्ने/गराउने अभियान बाँकी नै छ । नेकपा (क्रान्तिकारी माओवादी) देशको वर्तमान सर्वसत्तावादी नवसामन्तवादी राजनीतिक चरित्रको सामाना गर्दै घोषित निर्वाचनमा सहभागि भयो । हाम्रा निम्ति निर्वाचनमा सहभागिता ठूलो कुरा हो । किनकी यसलाई जनतामा हामीले एक जागेको शक्तिका रुपमा देखिने अवसरका रुपमा लिएका छौं । यथार्थमा वर्तमान सन्दर्भमा विभिन्न स्वार्थ समूहको प्रभावका कारण माओवादी विभिन्न रुपमा देखिएर अनुहारमा विविधता ल्याएपनि जनगणतन्त्र स्थापना गर्ने महान उद्देश्य सहितको मूलधारको मूल सिद्धान्तको माओवादी जीवित छ भन्ने कुरा वर्तमान निर्वाचनमा देखाउन सकियो । हाम्रा निम्ति जित, हार ठूलो र महत्वपूर्ण विषय होइन । हामीले संसदीय परम्पराको जित, हारको परिणामलाई विश्वास पनि गर्दैनौं । किनकी जीत त्यसैको हुन्छ, जसले राजनीतिका अनेक दुर्गन्धित हतकन्ठाको उपयोग गर्छ । हमी त्यो दुर्गन्धको जन्जालमा पर्न र फस्न चाहँदैनौं । यसको अर्थ हामी परिवर्तनको वहाबलाई रोकेर एकनासले बगिरहेको नदी रोकेर बस्ती डुवान गराउन प्रयास गर्ने जडसूत्रवादी पनि होइनौं । हाम्रो समयमा निगालाको कलम मसिमा चोपेर लेखिन्थ्यो, अहिले हाम्रो हातमा अत्याधुनिक कलम छ । अर्थात समयको गतिलाई आत्मसाथ गरी अस्तित्वको युद्ध कायम राख्ने गतिशील अभियानमा हामी छौं । यसै सन्दर्भमा म स्वयम् चितवनको रत्ननगर नगरपालिकाको मेयरको प्रतिस्पर्धी थिएँ । उप-मेयरमा रत्ननगर सौराहाकै विन्दा कार्की हुनुहुन्थ्यो । कार्कीजी जुझारु एवं सक्रिय महिला नेतृ हुनुहुन्छ । देशभक्त जनगणतान्त्रिक मोर्चाका नामबाट हामी निर्वाचनमा सहभागी थियौं । मोर्चाको नामबाट निर्वाचनलाई उपयोग गर्ने पार्टीको निर्णय थियो । वैशाख १७ गते हामी रत्ननगरको सौराहा क्षेत्रमाचुनावप्रचार प्रसारका सम्वन्धमा घरदैलो अभियानमा थियौं । म, उप-मेयर र वडाका उम्मेदवारहरु सहितहामीले प्रचारको कार्यक्रम गर्दै गर्दा हामीलाई चितवन प्रहरीले गिरफ्तार गऱ्यो । नेताहरु घननाथ सापकोटा (विकास), मोदनाथ मरहट्ठालगायत दर्जन बढी साथीहरु गिरफ्तारीमा पऱ्यौं । पछि जिल्लाका प्रहरी प्रमुख दिपक थापाले क्षमायाचना सहित हामीलाई छोडे । हामीलाई निर्वाचन विरोधी बिप्लव माओवादी भनेर गिरफ्तार गरिएको रहेछ । माओवादी-माओवादीबीचको सैद्धान्तिक, वैचारिक र व्यवहारिक स्खलनको परिणाम हामीले स्थानीय तहमा भोग्नु पऱ्यो । आखिर देश र जनताका निम्ति काम गर्ने, गराउने सम्बन्धमा मूल नेतृत्व हिड्ने बाटो र गन्तव्य बिचको बिवादले माओवादी आज आफ्नै अनुहार फेरि एकपटक सफा ऐनाको सहाराबाट हेर्नुपर्ने अवस्थामा पुगेको अनुभव प्रायः धेरै माओवादीले गरेको हुनुपर्छ । हामीले पनि स्थानीय तहबाट हेर्ने आँखाबाट त्यो दृश्यको अनुभव गऱ्यौं । देशमा हाम्रै अगाडि सर्वसत्तावादी शैलीले गरेको शासन र भरतपुर महानगरपालिकाको निर्वाचन हेर्नुपऱ्यो । यही निर्वाचनको मूलआधारमा सत्ता साटफेरको अधिनायकवादी चरित्र हेर्नुपऱ्यो । यो देशमा लोकतन्त्र कहाँ छ ? गणतन्त्र कहाँ छ ? जनताको अधिकारको व्यवहारिक अनुहार कहाँ छ ? यावत प्रश्नका बिच सीमित नेताको पेवा बनेको देख्दा लोकतान्त्रिक गणतन्त्र पनि सीमित नेताकै पेवाको रुपमा विकसित भइरहेको छ । राजनीतिमा शब्दको खेल खेल्न सकिन्छ । तर यस्तो खेल टिकाउ वा दीर्घकालीन हुदैन । किनकी जनताको स्तर सधैं एकै नासको हुँदैन । जनता जान्दै, बुझ्दै गर्दा परिपक्व बनिरहेका हुन्छन् । यसले सङ्केत गर्छ- नेपालमा फेरि अर्को राजनीतिक आधिबेहरी त आउँदै छैन ? कुकरमा ग्याँस भरिएपछि कि सिठी मार्फत सहज तरिकाले ग्याँस बाहिर निस्कन्छ वा बिस्फोट हुन्छ । तसर्थ जनताको खबरदारी मतपत्र मार्फत मात्र होइन, सडक र सदनबाट पनि उत्तिकै आवश्यक हुन्छ । वर्तमान सन्दर्भमा हामी जनतालाई सचेत गराएर जनता मार्फत नै खबरदारी गराउने अभियानमा निर्वाचनको उपयोगमा लागेका छौं । सफलता भविश्यको विषय हो । सफल भएनभने पनि हामीले हाम्रो कर्तव्य निर्वाह गरिरहेका हुनेछौं । किनकी राजनीति एउटा निरन्तरको प्रयत्न हो ।

एक राजनीतिक संगठनमा हजारौं कार्यकर्ताको योगदान लुकेको हुन्छ । यी कार्यकर्ताले राजनीतिक रुपमा आ-आफ्नो भविश्य पनि खोजिरहेका हुन्छन् । नेतृत्वले कार्यकर्ताको यो भावना बुझ्नेन र शब्दको खेलमात्र राजनीति हो भन्ने बुझ्यो भने त्यतिबेला कार्यकर्ता र नेतृत्व दुबैको जहाज डुब्छ वा उडान अवरुद्ध हुन्छ । संगठन गतिहीन हुन्छ । देशभक्त गणतान्त्रिक मोर्च यस सन्दर्भमा सचेत भएकै हुनुपर्छ । हाम्रा पार्टीका श्रेद्धय नेताहरुबाट निर्वाचनलाई उपयोग गरी आधारभूमि खडा गर्ने रणनीति तयार गरेको देखिन्छ । तत्कालका निम्ति यो रणनीति उपयुक्त छ तर भविश्यको बाटो तय गरी त्यो मार्गमा हिडन र हिडाउन थप प्रभावकारी कार्यक्रमको आवश्यकता पर्दछ । अवश्यपनि देश र जनताको भलाईको त्यो महान उद्देश्यप्राप्तगर्न, पवित्र राजनीतिक उद्देश्यमा परिणत गर्न र गराउन नेकपा (क्रान्तिकारी माओवादी) सफल हुनुपर्छ । किनकी राजनीतिमा प्रयत्न र सफलता एक आपसमा मित्र हुन् ।

दोस्रो चरणको स्थानीय तहको निर्वाचन असार १४ गते गर्ने घोषणा भएअनुरुप पार्टी सोही तरिकाले प्रस्तुत हुनुपर्छ । निर्वाचनमा सहभागिता पनि संगठन निर्माणको महत्वपूर्ण अवसर हो । अबको समय संगठन निर्माणमा खर्चेर देशकै बलियो र जनविश्वास प्राप्त राजनीतिक शक्तिका रुपमा उदाउन अनिवार्य छ । यसपछि मात्र नेपालमा जनगणतन्त्रको औपचारिक आगमन हुनेछ । यसका निम्ति दीर्घकालीन तर शान्तिपूर्ण रणनीति आवश्यक छ ।

प्रयोग र परिमाणामको सिद्धान्तलाई मौलिक रुपमा उपयोग गर्दै आगामी कार्यदिशा तय गर्न आवश्यक छ । यसका निम्ति पार्टीले लामो छलफल र बहस चलाउन आवश्यक छ । यसैका आधारमा जनताको चाहना अनुसारका कार्यक्रमहरु तय हुदै जान्छन् । राजनीतिक अन्योलको यो चरण पार गरेर उपयुक्त गन्तव्यको मार्गमा यात्रारत रहन निश्चित पनि समय लाग्छ ।

# खाडी राष्ट्र कतारमा कूटनीतिक संकट : साम्राज्यवाद र प्रभुत्ववादको छद्म टकराब



● परि थापा

**कूटनीतिक संकटको प्रारम्भ :**

अहिले केही खाडी राष्ट्रहरुका (जसलाई पश्चिम एसिया वा मध्यपूर्व भनेर पनि सम्बोधन गर्ने गरिन्छ) बिचमा कूटनीतिक समस्या उत्पन्न हुन गएको छ । त्यस प्रकारको कूटनीतिक समस्या सन् २०१७ जुन ५ तारिखमा त्यस क्षेत्रका विभिन्न देशहरुले कतारसँगको कूटनीतिक सम्बन्ध हठात् ढंगले विच्छेद गरेपछि उत्पन्न भएको हो । सुरुमा साउदी अरबको नेतृत्वमा संयुक्त अरब इमिरेड्स (युएई), बहराइन, इजिप्ट र दक्षिण एशियाली राष्ट्र माल्दिभ्स गरी पाँच वटा देशले कतारसँगको कूटनीतिक सम्बन्ध विच्छेद गरेको घोषणा गरेका छन् । सम्बन्ध विच्छेद पछि ती देशहरुले कतारमाथि व्यापार तथा यात्रामा समेत प्रतिबन्ध लगाएका छन् । जसमा जल, स्थल र हवाई क्षेत्र समेत पर्दछन् भने कतारसँग स्थल सीमाना जोडिएको देश साउदी अरबले स्थल सीमा समेत बन्द गरेको छ ।

अहिले आएर कोमोरोस, मउरीटानिया र यमनले पनि कतारसँगको कूटनीतिक सम्बन्ध विच्छेदको घोषणा गरेका छन् । मउरिससले पनि कतारसँगको सम्बन्ध विच्छेद गरेको बताएको छ भने लिबियामा रहेका तीनवटा प्रतिस्पर्धी सरकारहरुमध्ये तोबरुकमा अवस्थित सरकारले समेत कतारसँगको कूटनीतिक सम्बन्ध तोडेको बताएको छ । तर कतारसँग उसको कूटनीतिक सम्बन्ध स्थापित भएको छैन । त्यसैगरी जीबुटी, जोर्डन, सेनेगल र चाडले कतारसँगको कूटनीतिक सम्बन्धलाई पूर्णरुपले कटौती नगरे तापनि सम्बन्धको स्तरलाई न्युनिकरण गरेका छन् ।

कतार राज्य र कूटनीतिक संकटको कारण

कतारको औपचारिक नाम कतार राज्य (कतबतभ या त्तबतबच) हो । यो देश सुरुमा अटोमन साम्राज्य अन्तर्गत सन् १८७१ देखि १९१५ सम्म शासित थियो भने पछि बीसौं शताब्दीको सुरुवात देखि सन् १९१६ देखि १९७१ सम्म ब्रिटिस साम्राज्यको संरक्षित राज्यको रुपमा रहेको थियो । कतारले सेप्टेम्बर ३, १९७१ मा बेलायतबाट पूर्ण स्वाधीनता प्राप्त गरेको थियो । कतारले सर्वप्रथम अरब देशहरुबाट मान्यता प्राप्त गरेपछि संयुक्त राष्ट्र संघको सदस्यता प्राप्त गरेको थियो । त्यसैगरी तात्कालिक सोभियत युनियन र जनवादी गणतन्त्र चीनसँग पनि सन् १९८८ मा कूटनीतिक सम्बन्ध स्थापना गरेको थियो । कतारको जनसंख्या करिब २६ लाख छ भने ती मध्ये ३ लाख १३ हजारमात्र त्यहाँका नागरिक रहेका छन् ।

कतार संसारकै उच्चतम प्रतिव्यक्ति आय भएको देशमा पर्दछ । त्यहाँको प्रतिव्यक्ति आय १ लाख ४५ हजार ८ सय ९४ अमेरिकी डलर रहेको छ । कतारले आफूसँग भएको अथाह सम्पत्तिलाई विश्वभर आफ्नो प्रभाव फैलाउनमा लगानी गरेको छ । त्यसको ज्वलन्त उदाहरण भनेको अमेरिकी राजधानी वासिंगटन डिसीमा अवस्थित मुख्य नीति निर्माण संस्था (त्जष्लप त्बलप) द ब्रुकिङ्गसलाई ठूलो धनराशी सहयोग गरेको छ भने ब्रिटिस खुद्रा व्यापार ह्यारोड्सलाई त पूरै खरिद नै गरेको छ । त्यसैगरी हिलारी क्लिन्टन अमेरिकाको विदेशमन्त्री भएको समयमा क्लिन्टन फाउन्डेशनलाई १० लाख अमेरिकी डलर प्रदान गरेको थियो । कतार सन् २०२२ मा हुन लागेको विश्वकप फुटबलको आयोजना गर्ने पहिलो अरब राष्ट्र समेत बन्दैछ । कतार पहिले साउदी अरबको एक रैती राज्यको रुपमा रहँदै आएको थियो भने अहिले उ स्वयम् स्थापित र सबल राज्य बनेर अगाडि बढेको छ ।

कतार र अन्य अरब देशहरुका सरकारका बिचमा विभिन्न विषय र मुद्दाहरुका सम्बन्धमा मतभिन्नता रहँदै आएको छ । जस अन्तर्गत प्रमुख मुद्दाका रुपमा कतारको इरानसँगको मैत्रीपूर्ण सम्बन्धलाई साउदी अरब र उसका सहयोगी अरब राष्ट्रले मन पराउँदैनन् र त्यसको विरोध गर्दछन् । कतारको अलजजिरा नामक सरकारी टेलिभिजन च्यानलाई पनि साउदी अरब लगायतका देशहरुले मन पराउँदैनन् । किनभने कतारले अल जजिरा टेलिभिजन च्यानललाई विश्वव्यापी रुपमा आफ्नो प्रभाव र हैसियत विस्तार गर्नका लागि नरम शक्ति (कयात उयधभच) का रुपमा व्यापक रुपमा प्रयोग गर्न सफल भएको छ । अहिले कतारसँग कूटनीतिक सम्बन्ध फिर्ता गरेका देशहरुले उसले आतंकवाद र आतंककारी संगठनलाई सहयोग गरेको र उनीहरु स्वयमको आन्तरिक मामलामा समेत हस्तक्षेप गरेको आरोप लगाएका छन् । कतारमाथि आतंककारी संगठनहरुमध्ये हमास, तालिबान, अल कायदा र अल नुसरा फ्रन्टलाई सहयोग गरेको र तिनीहरुको विरोध नगरेको आरोप पनि छ ।

कतारले इजिप्टको मुस्लिम ब्रदर हुडलाई समर्थन र सहयोग गरेको थियो र गर्दछ । मुस्लिम ब्रदरहुडलाई इजिप्ट सरकारले एक नम्बरको शत्रु मान्दछ भने साउदी अरब र खाडी क्षेत्रका अन्य राजतन्त्रात्मक देशहरुले मुस्लिम ब्रदरहुडलाई खतराको रुपमा हेर्दछन् । किनभने मुस्लिम ब्रदरहुडले बंशाणुगत शासन व्यवस्थाको विचारधारात्मक रुपमा नै विरोध गर्दछ । तर साउदी अरबले सन् २०११ मा भएको अरब वसन्त (ब्चबद क्उचष्लन) मा होस्नी मुबारकलाई समर्थन गरेको थियो भने सन् २०१३ को 'कु' मार्फत सत्तामा आएका अब्देल फताह अल सीसीको सरकारलाई समर्थन गर्दछ ।

साम्राज्यवादी शक्तिको संलग्नता र क्षेत्रीय प्रभुत्वको प्रतिस्पर्धा

खाडी क्षेत्रका दुई ठूला राष्ट्रहरु इरान जसको औपचारिक नाम इस्लामिक गणतन्त्र इरान हो र साउदी अरब जसको औपचारिक नाम साउदी अरब अधिराज्य हो । यी दुवै देशका बिचमा धार्मिक, राजनीतिक र सैन्य शक्तिका क्षेत्रमा एक अर्कालाई उछिनेर त्यस क्षेत्रको क्षेत्रीय शक्तिका रुपमा विकसित भएर आ-आफ्नो प्रभाव बढाउने तिव्र प्रतिस्पर्धा चलिरहेको छ । इस्लाम धर्मका दुईवटा प्रमुख सम्प्रदाय सिया र सुन्नी रहेका छन् । ती मध्ये इरानले सिया समुदायको नेतृत्व गर्दछ र विश्वभरीका सिया मुस्लिमले इरानलाई आफ्नो केन्द्रका रुपमा मान्दछन् । त्यसैगरी साउदी अरबले सुन्नी सम्प्रदायको नेतृत्व गर्दछ र विश्वभरका सुन्नी मुस्लिमले साउदी अरबलाई आफ्नो केन्द्रका रुपमा मान्दछन् ।

राजनीतिक रुपले पनि इरान र साउदी अरब फरक प्रणालीमा छन् । इरानमा सन् १९७९ मा राजतत्त्रको अन्त्यपछि गणतन्त्रात्मक व्यवस्था कायम भएको छ र उसले त्यस क्षेत्रका अन्य देशहरुमा पनि इस्लामिक गणतन्त्र स्थापना गराउन चाहन्छ । साउदी अरबमा जहानीय राजतन्त्रात्मक व्यवस्था कायम छ । यसरी इरान र साउदी अरब दुवैले धार्मिक र राजनीतिक दुवै रुपले आफ्नो वर्चश्व कायम गर्न प्रयत्नरत छन् । यी दुई देशहरुका बिचमा क्षेत्रीय प्रभुत्वका लागि सैन्य श्रेष्ठता हासिल गर्ने प्रतिस्पर्धा पनि उत्तिकै कायम छ । त्यस प्रयोजनका लागि आणविक हतियार निर्माण गर्ने दौडमा समेत रहेका छन् । इरानले सन् १९५० देखि नै आणविक कार्यक्रम अगाडि बढाइरहेको थियो भने साउदी अरबले पाकिस्तानबाट आणविक हतियारसम्बन्धि प्रविधिका लागि सहयोग प्राप्त गर्ने र त्यसका सट्टामा पाकिस्तानलाई सस्तोमा तेल उपलब्ध गराउने गोप्य सहमति गरेको छ । खाडी क्षेत्रका सबै गृहयुद्धमा फसेका र द्वन्द्वग्रस्त भएका देशहरुमा प्रतिद्वन्द्वी पक्षहरुलाई सघाउन दुवै देशहरु उद्धत छन् । खास गरेर गृहयुद्धमा फसेका सिरिया र यसन अनी द्वन्द्वग्रस्त इराकमा उनीहरुको सक्रिय संलग्नता रहेको छ ।

खाडी क्षेत्र र त्यहाँका विभिन्न राज्य र युद्धरत लडाकु समूहहरुलाई सहयोग गर्ने र तिनको मध्यस्थता लिने कार्यमा क्षेत्रीय प्रभुत्वका लागि प्रतिस्पर्धामा उत्रिएका इरान र साउदी अरब मात्र खेलाडीका रुपमा रहेका छैनन् । त्यस क्षेत्रमा भएका र गराइएका युद्ध र द्वन्द्वमा अन्तराष्ट्रिय साम्राज्यवादी शक्तिहरुको पनि सिधैं संलग्नता रहेको छ र रहँदै आएको छ । ति मध्ये पश्चिमा साम्राज्यवादी शक्तिहरु मध्येमा अमेरिकी साम्राज्यवाद प्रमुख रहेको छ भने रुसले पनि आफ्नो उपस्थिति राखेको छ । अमेरिकाले साउदी अरब र उसका सहयोगीहरुलाई समर्थन र सहयोग गरिरहेको छ भने रुसले इरानलाई समर्थन र सहयोग बढाइरहेको छ । त्यस क्षेत्रमा चलिरहेको युद्ध र द्वन्द्व कुनै एकल मुद्दामा मात्र नभएर बहुआयामिक विषयहरुका लागि भएका छन् । खास गरेर भू-राजनैतिक, आर्थिक र साम्प्रदायिक प्रभाव जमाउन र कायम राख्ने उद्देश्यले भएका छन् । क्षेत्रीय शक्तिका हिसाबले इरान र साउदी अरब अनी बाह्य शक्तिका हिसाबले रुस र अमेरिकाको संलग्नता भएपनि त्यस क्षेत्रमा सक्रिय र क्रियाशील विभिन्न लडाकु समूहहरु समेत जोडिएकाले त्यहाँको युद्ध र द्वन्द्वको अवस्थालाई एक प्रकारको शीतयुद्ध (अयमि धबच) र छद्‍म लडाई (एचयहथ ऋयलाष्अित) नै भन्न सकिन्छ ।

ती युद्ध र द्वन्द्वहरुमा संलग्न शक्तिहरुलाई दुई भागमा बाढ्दाखेरी यस प्रकारको दृश्य अगाडि आउँछ । एकातर्फ रुसी सशस्त्र फौज, इरानी सशस्त्र फौज, सिरियाली सशस्त्र फौज, लेबनानी हेजबुल्लाह लडाकु समूह, यमनी रिपब्लिकन गार्ड, यमनी सशस्त्र फौज (पूर्वराष्ट्रपति सलेह समर्थक) र यमनी हुथी लडाकू समूह छन् भने अर्कोतर्फ अमेरिकी जलसेना, साउदी अरेबियन सशस्त्र फौज, बहराइन सुरक्षा फौज, यमनी सशस्त्र फौज (राष्ट्रपति हादी समर्थक) फ्रि सिरियन आर्मी, अकाडेमी नामक अमेरिकी सशस्त्र जत्थालगायत अन्य सुरक्षा फौजद र भाडाका सेनाहरु रहेका छन् । खाडी क्षेत्रमा अमेरिकाको सबैभन्दा ठूलो सैनिक अखडा नै कतारको अल उदई हवाई शिविरमा रहेको छ । जहाँबाट उसले इराक, सिरिया र अफगानिस्तानमा हवाई आक्रमण गर्ने गर्दछ ।

कतार संकट र आप्रवासी समस्या

सन् २०१७ को शुरुतिरको आंकलन अनुसार कतारको कुल जनसंख्या २६ लाख ७५ हजार ५२२ रहेको बताइएको छ । यो संख्या सबै आप्रवासीहरुलाई समेत समेटेर हो । तर खुद कतारी नागरिकहरुको संख्या भने ३ लाख १३ हजार रहेको बताइएको छ । यसबाट के प्रष्ट हुन्छ भने कतारमा अत्याधीक बहुसंख्यामा आप्रवासीहरु रहेको स्पष्ट देखिन्छ । एक तथ्यांक अनुसार त्यहाँ रहेका जातीय जनसंख्यामध्ये १२.१ प्रतिशत कतारी, २५ प्रतिशत भारतीय, १०.७ प्रतिशत बंगलादेशी, ५.६ प्रतिशत श्रीलंकाली, ४.८ प्रतिशत पाकिस्तानी र ४२.५ प्रतिशत अन्य भनी उल्लेख गरिएको छ । कतारमा नेपाली आप्रवासी कामदारको संख्या पनि ठूलो संख्यामा रहेको स्पष्टै छ । त्यहाँ नेपालीहरुको संख्या चार लाख भन्दा बढी रहेको अनुमान छ । जुन कतारको वास्तविक जनसख्या भन्दा पनि धेरै हो ।

कतार पूर्णरुपले भूपरिवेष्ठित देश नभएको र इरानले सबै प्रकारको सहयोग गर्ने वचन दिइरहेको अवस्थामा त्यहाँको अर्थतन्त्रलाई वर्तमान कूटनीतिक समस्याले पूर्ण रुपमा ध्वस्त पार्न सक्ने सम्भावना कम देखिन्छ । विगतका केही दिनहरुमा त्यहाँको स्टक मार्केट (शेयर बजार) मा केही गिरावट आएको भने देखाएको छ । तर अन्तर्राष्ट्रिय मुद्रा कोषले भने अहिले उत्पन्न भएको कूटनीतिक संकटका कारणले त्यहाँको अर्थतन्त्रमा कस्तो प्रभाव पार्ला भनेर तत्काल मूल्यांकन गर्न भने नसकिने बताएको छ ।

अहिले कतारमा ठूलो संख्यामा आप्रवासी कामदारहरु सन् २०२२ मा आयोजना हुने विश्वकप फुटबलको तयारीका लागि निर्माण गरिदै गरेका विभिन्न पूर्वाधार विकास कार्यमा काम गर्न गइरहेका छन् । कतार राज्य र सरकारले आफू विरुद्ध लगाएका आरोपहरु अस्वीकार गर्दै उसका छिमेकीलगायत अन्य देशहरुले दिइरहेको कूटनीतिक दबाबका अगाडि नझुक्ने बताएको छ । यदि अहिलेको कूटनीतिक संकटका कारणले गर्दा कतारको अर्थतन्त्र धराशायी वा निकै कमजोर हुने अवस्था आएमा त्यति ठूलो संख्यामा रहेका आप्रवासी कामदारहरुलाई गम्भीर असर पार्ने त स्वतः स्पष्ट छ भने विश्वकप फुटबलको आयोजना समेतलाई असर पार्ने सम्भावना हुनसक्छ ।



## सामाजिक सञ्जाल



*संसदीय भुस्याहा भैसकेका मा.के. आफूलाई सिंहको धाक दिन भने छोड्दैन यो आलु खाएर पेडाको धाक दिएजस्तै भएन र ? – **हर्क शाही***



*जोगीको टाङ्गमुनी टाउको छिराएर आशिर्वाद थाप्ने तिमी कस्टो कम्युनिस्ट ??? – **खगेन्द्र छन्त्याल***



*मन्त्री बन्नु पर्ने नेताहरु स्वकिय सचिव बन्नु परेको छ । स्वकिय सचिवको पनि योग्यता नभएकालाई मन्त्री बनाउन परेको छा सिन्डिकेट त्यतिकै नहटेको होइन देशमा !? कम्तिमा त्यही सिन्डिकेट पनि ब्यबस्थित गर्नु नि । त्यो ब्यबस्थित हुँदा पालो त सबैको आउँथ्यो । यहाँ त यस्तो सिन्डिकेट छ कि एउटैको मात्र पालो बारम्बार आइरहन्छ अरु हेरेको हेरै । – **सुरेश गौतम***



*राजनीतिक नेता बन्नको लागि पैसा, वक्तृत्व क्षमता, समाजसेवा र एजेन्डा चाहिन्छ । सजिलो बाटो आईएनजिओसँग सम्बन्ध राखेर एनजिओ चलाउनुस । समाजसेवाको लागि पैसा दिन्छ समाजसेवा पनि हुन्छ पैसा पनि कमाइन्छ, ज्ञान र वकतृत्व क्षमताको लागि राम्रो ट्रेनिङ पनि दिन्छ। समय सापेक्ष एजेन्डा पनि दिन्छ । मिडियामा स्पेस पनि उपलब्ध गराइदिन्छ। अधिकारवादी हुँदै नेता !क्या गजव।– **यादव शिवराम***



*दश वर्षको जनयुद्धबाट थिलथिलो भएका दुरदराजमा रोइरहेका वस्ती, दशौं हजारको रगत, पसिना, सहिदको बलिदानी, सिंगो नेपाली मुक्तियुद्धका योद्धाहरु, घाइते, अपांग, युद्धले आमाबाबु गुमाएका छोराछोरी, बुढेसकालको लठ्ठी गुमाएका सहाराविहिन आमाबुबाहरुप्रति इमान्दार बन्नु नपर्ने अनी मुक्ति युद्धमाथि बिषबमन गर्ने, टाउकाको मूल्य तोक्ने, अझ भनौं जिउ खोलामा टाउको झोलामा भन्नेहरुसँग नैतिकवान र इमान्दार बन्नुपरेपछि त्यो तप्काबाट कुनै आशा गर्ने ठाउँ नै कहाँ छ र ? – **रामकृष्ण शर्मा***



*त्यो बेला बाबुराम भट्टराईले ४० बुंदे लेखेर बुझाएका थिए प्र म देउवालाई ,यस् पाला कसले बुझाउला कुन्नि एक चासो !! – **गणेश चितौरे***



*अब हुने चुनावका लागि सबै उम्मेदवारले २र४ लाख ठिक पारौं । हार्न लाग्यो कि मतपत्र च्यात्ने १ लाख धरौटी राख्ने रिहा हुने । कि कसो ? हाम्रो लोकतन्त्र !!! - **काप्ले ईश्वरी***



*आफ्ना आमा, बुवा राष्ट्रपती, उपराष्ट्रपती र प्रधानमन्त्री भए भने सम्झनुस्, तपाइको काँधमा यौटा तक्मा थपियो । किन थपियो, थाहा छैन । - **हिमाल युगपाथ***



*संसदीय राजनीति दलहरु सत्ताको लागि के चाही गर्दैनन होला ? सायद उनीहरुको डिक्सनरीमा असम्भव भन्ने शव्द नै छैन ? सत्ता स्वार्थमा उनीहरु यति लोलुप हुन्छन की केही दाम लिएर आफ्नै आमालाई पराई हातमा सुम्पनु उनी हरुको लागी सामान्य हो ।- **मनोज श्रेष्ठ***



*अँध्यारोमा आँखा चिम्लदा देखिने उज्यालो सपनाको खोजिमा कति भौतारिएँ तर ब्युँझदा सपना भागे जस्तै मेरो भाग्य रहर कतै दुर भागिरह्यो उसलाई मैले कहिल्यै भेट्न सकिन । – **सुरेश गौतम***



*भारतले नेपालको सानो मामिलामा मानव अधिकार हननको कुरा उठाउँछ । अहिले दार्जिलिङमा नेपालभाषीमाथि भएको मानव अधिकार हनन् विरुद्ध नेपाल किन बोल्न सक्दैन ? - **टेनिस रोका***

# क्रान्तिको साहित्यमा प्रभाव



● लु सुन

मेरो आजको विषय “क्रान्ति-बेलाको साहित्य” हो । यस महाविद्यालयले मलाई बोल्न भनी धेरैपल्ट निम्त्याएको थियो र मैले भने पन्छाउँदै गरेको थिएँ, मलाई के लाग्छ भने तपाईहरूले म एउटा लेखक भएको र मैले केही कथाहरू लेखेको नाताले साहित्य विषयमा केही कुरा सुन्न निम्तो गर्नुभएको होला । साँच्ची भनूँ भने म लेखक होइन, मसँग त्यस्तो कुनै विशेष ज्ञान पनि छैन । मैले गहिरिएर अध्ययन गरेको पहिलो विषय खानीको विषय हो र सम्भवतः साहित्यको विषयमा भन्दा कोइला-खानीको सम्बन्धमा म राम्ररी बोल्न सक्छु हुँला ।

बलिया मानिसहरू कुरा गरिरहँदैननू, तिनीहरूले त मार्छन् । थिचोमिचोमा पर्नेहरू आफू मारिनका लागि केही भन्छन् र लेख्छन् अथवा, उम्किन पाउने भाग्य भएको भए उनीहरूले गर्न सक्ने सबै कुरो चिच्याउनु, उजुर गर्नु वा विरोध गर्नु मात्र हो । उता बलियाहरू भने थिच्दै नराम्ररी व्यवहार गर्दै र मार्दै हिंड्छन् र उनीहरू त्यसको प्रतिरोध गर्न शक्तिहीन हुन्छन् । अनि यस्तो स्थितिमा जनतालाई साहित्यको के प्रयोजन रहन्छ र ? पशु जगतमा पनि ठीक यस्तै हुन्छ । बाजले भंगेरालाई समात्दा बाजचाहिं चुप रहन्छ र कराउने चाहिं भंगेरा नै हुन्छ । बिरालोले मुसा समात्दा पनि बिरालोचाहिं चुप रहन्छ र कराउनेचाहिं मूसा नै हुन्छ । कराउन मात्र सक्ने चाहिं चुप लाग्नेले खाएपछि सकिन्छ ।

वास्तवमा साहित्यप्रतिको मेरो रूचिले मलाई खुव पढ्न लगाउँथ्यो तर मेरो अध्ययनबाट तपाईहरूलाई फाइदा हुने कुनै कुरो मैले सिकेको छैन । बितेका केही वर्षहरूमा पेकिङमा मैले भोगेर आर्जन गरेको अनुभवले म हुर्केको पुराना साहित्यिक सिद्धान्तहरूमाथिको मेरो विश्वासलाई हल्लाउन थालेको छ । यो चाहिं विद्यार्थीहरूलाई गोली ठोकी मार्दा र कडा खोजी नीति गरिंदा भएथ्यो र त्यसबेला मलाई के लाग्यो भने सबभन्दा निर्धा र बेकम्मा मानिसहरू मात्र साहित्य विषयमा कुरा गरिरहन्छन् । बलिया मानिसहरू कुरा गरिरहँदैनन्, तिनीहरूले त मार्छन् । थिचोमिछोमा पर्नेहरू आफू मारिनका लागि केही भन्छन् र लेख्छन्, अथवा, उम्किन पाउने भाग्य भएको भए उनीहरूले गर्न सक्ने सबै कुरो चिच्याउनु, उजुर गर्नु वा विरोध गर्नु मात्र हो । उता बलियाहरू भने थिच्दै नराम्ररी व्यवहार गर्दै र मार्दै हिंड्छन् र उनीहरू त्यसको प्रतिरोध गर्न शक्तिहीन हुन्छन् । अनि यस्तो स्थितिमा जनतालाई साहित्यको के प्रयोजन रहन्छ र ?

पशु जगतमा पनि ठीक यस्तै हुन्छ । बाजले भंगेरालाई समात्दा बाजचाहिं चुप रहन्छ र कराउने चाहिं भंगेरा नै हुन्छ । बिरालोले मुसा समात्दा पनि बिरालोचाहिं चुप रहन्छ र कराउनेचाहिं मूसा नै हुन्छ । कराउन मात्र सक्ने चाहिं चुप लाग्नेले खाएपछि सकिन्छ । एक जना भाग्यमानी लेखकले आफू नमरेसम्म नाउँ कमाउने वा केही वर्षसम्म कीर्ति फैलाउने खालका कुराहरू लेख्नसक्छ-कुनै शहीदको सम्झनामा मनाइने काजक्रियापछि मानिसहरू शहीदलाई बिर्सेर शहीदको मृत्युमा लेखिएका दुई पंक्तिको कविताबारे छलफल चलाउने जस्तै यसो गर्नु ज्यादै निर्भिक काम हो ।

जे भए पनि क्रान्तिको केन्द्रथलोमा रहेका लेखकहरू साहित्यले क्रान्तिमा ठूलो भूमिका खेल्छ भनी दाबी गर्न खोज्छन् भन्ने मलाई लाग्छ । दृष्टान्तका लागि क्रान्तिलाई उत्साहित गर्न, गतिशील बनाउन र पूरा गरि छाड्न साहित्यलाई प्रचारको रूपमा प्रयोग गर्न सकिन्छ । तर मेरो विचारमा त्यस्ता लेखहरूमा शक्ति हुँदैन, किनभने एक दुई राम्रा साहित्यिक कृतिहरू विशेष निर्देशानुसार लेखिएका छन्, तर ती पाठकको हृदयबाट कुनै सम्भावित प्रभाव विना नै बिलाउँछन् । कुनै निर्धारित विषयमा लेख्नु पाठकको हृदयलाइ छुन नसक्ने बेकम्मा साहित्य ँपाकु निबन्ध लेख्नुसरह नै हो ।

क्रान्तिको निम्ति हामीहरूलाई क्रान्तिकारीहरू चाहिएको छ तर क्रान्तिकारी साहित्य पर्खिन सक्छ किनभने क्रान्तिकारीहरूले लेख्न शुरू गरेपछि मात्र साँच्चैको क्रान्तिकारी साहित्य शुरू हुन्छ । यसकारण, मलाई के लाग्छ भने साहित्यमाथि क्रान्तिको ठूलो भूमिका रहन्छ । क्रान्तिको बेलाको साहित्य अरू बेलाभन्दा बेग्लै हुन्छ किनभने क्रान्तिको बेला साहित्य पनि फेरिन्छ । तर साहित्यलाई सानासाना क्रान्तिहरूले हैन, ठूलठूला क्रान्तिले मात्र फेर्न सक्छ किनभने सानासाना क्रान्तिहरूलाई क्रान्ति भनेर गिन्ती गर्न नै मिल्दैन ।

यहाँ हरेक व्यक्ति ‘क्रान्ति’ शब्दसित परिचित छ तर चियाङसु अथवा चेच्याङमा यस शब्दको प्रयोग गर्नु भयो भने तपाईले त्यहाँका जनतालाई तर्साउनुभएको हुनेछ र त्यसले तपाईको आफ्नै सुरक्षा पनि खतरामा पार्नेछ । वास्तवमा क्रान्ति कुनै अनौठो कुरो होइन र हाम्रा सबै सामाजिक सुधारहरू यसैका फल हुन् । अनवरत क्रान्तिहरूकै कारणले मानव जातिले प्रगति गर्न सकेको, प्रोटोजाबाट मान्छेमा फेरिन सकेको, असभ्यता (जंगली) स्थितिबाट सभ्यतातर्फ लाग्न सकेको हो । विकासको प्रक्रिया अझ चल्दैछ । यसकारण क्रान्ति कुनै अनौठो कुरो होइन, र मरणासन्न स्थितिमा रहेका सबै जातिहरूले समेत सानै भए पनि प्रत्येक दिन क्रान्ति गर्न खोजिर हेछन् ।, ूलठूला क्रान्तिहरूको साहित्यमा के प्रभाव पर्छ त ? हामी यसलाई विभिन्न तीन अवधिमा बाँड्न सक्छौं ।

प्रगतिशील लेखकहरू समाजमा देखा परेका परिवर्तनहरू र नयाँ निर्माणबाट प्रभावित भएका हुन्छन् । पुराना संस्थाहरूको पतनमा खुशी भएर उनीहरू नयाँ निर्माणको प्रशंसा गर्दछन् । क्रान्तिपछि देखा पर्ने दोस्रो खालको साहित्य-शोक गीत-पुरानो कुरोको क्षयप्रतिको रूवाई हो ।

१) ठूलो क्रान्ति हुनुभन्दा अघि प्रायः सबै साहित्यले सामाजिक अवस्थाहरूप्रति दुःख र घृणाका शब्दमा असन्तुष्टि र पीडा व्यक्त गर्छन् । संसारमा यस किसिमका थुप्रै कृतिहरू छन् । तर दुःख र घृणाका यस्ता लेखहरूको क्रान्तिमाथि कुनै प्रभाव पार्दैन किनभने खाली उजुरचाहिं शक्तिहीन हुन्छन् । तपाईलाई थिचोमिचो गर्नेले तपाईका उजुरहरूको कुनै पर्वाह राख्दैन । मूसोले च्वीं च्वी कराएर राम्रो साहित्य प्रकाशमा ल्याउन सक्ला रे तर विरालोले भने त्यसप्रति कुनै सम्मान नराखिकन निलिहाल्नेछ । त्यसकारण खाली उजुरको साहित्य भएको राष्ट्र गए गुज्रेको हुन्छ किनभने त्यत्तिकैमा त्यो सिद्धिन्छ । अदालतमा मुद्दा चलिरहेको बेलामा जसरी पराजित पक्षले आफ्नो पीरमर्काको बयान वितरण गर्दा उसको विपक्षीले मुद्दा अब लम्बिन सक्दैन र चाँडै छिनिनेछ भन्ने बुझ्छ त्यसरी नै उजुरको साहित्यले थिचोमिचो गर्नेलाई एक किसिमको सुरक्षित स्थितिको आभास दिन्छ । केही राष्ट्रहरूले यसो गर्नु निरर्थक छ भन्ने बुझेपछि उजुर गर्न छाड्छन् र झन् झन् ओल्हँदै मौन राष्ट्रहरूमा फेरिन्छन् । मिश्र, अरब फारस र भारतको कुनै आवाज नसुनिएको कारण यही नै हो । तर विद्रोह गर्न आँट गर्ने राष्ट्रहरू उजुर गर्नु निरर्थक छ भन्ने बुझेपछि भित्री शक्तिसहित तथ्य कुरातिर लाग्छन् र उनीहरूको रूवाई रीसपूर्ण गर्जनमा फेरिन्छ । यस्तो साहित्य देखा पर्दा, यसले क्रान्तिको विगुल फुक्छ र जनता रीसले चुर भएको हुँदा क्रान्तिको ज्वाला दन्किनुभन्दा अघि लेखिएका रचनाहरूले अक्सर गरी जनताको आगो प्रतिरोध गर्ने र बदला लिने संकल्प व्यक्त गर्छन् । यस्तो खाले साहित्यले अक्टुबर क्रान्तिको विगुल फुक्यो । तर अपवादहरू पनि नभएका होइनन्, जस्तै पोल्यान्डको कुरा लिनुस्, त्यहाँ बदला लिन खोज्ने रोषपूर्ण साहित्य भएको थियो तापनि त्यो मुलुक यूरोपमा भएको पहिलो महायुद्ध (विश्वयुद्ध)प्रति आफ्नो पुनर्प्राप्तिका लाग अनुग्रहित हुनुर्पयो ।

(२) क्रान्ति भइरहँदा साहित्य लोप हुन्छ र त्यहाँ एक किसिमको सुनसान हुन्छ किनभने सबै मानिसहरू क्रान्तिको भेलसित बग्दै, चिच्याउन छाडी काममा लागेका हुन्छन् र उनीहरू क्रान्तिकारी कार्यमा कतिविध्न व्यस्त हुन्छन् भने त्यसबेला साहित्य विषयमा बात मार्ने फुर्सत नै हुँदैन । फेरि त्यसबेला गरि व्याँइको अवधि हुने भएको हुँदा जुन बेला मानिसहरूलाई खाना जोर्नसम्म पनि मुश्किल पर्छ, उनीहरूको साहित्यबारे कुराकानी गर्ने मानसिक स्थिति नै हुँदैन । क्रान्तिको ठूला भेलले विचलित भएका रूढीवादीहरू पनि उनीहरूको आफ्नो साहित्य पढ्न रिसाएका हुन्छन् केही मानिसहरू साहित्य दुःख र दरिद्रताको उपज हो भनी भन्छन् तर यो कुरो झुटो हो । गरिब मानिसहरू लेख्दैनन् । पेकिङमा आफूसँग पैसो नभएपछि म पैसा सापट माग्न यताउति चाहार्थे र एक अक्षरसम्म पनि लेख्दिनथे । हामीहरूको तलब हातपरेपछि बल्लम लेख्न बस्थें । काममा लाग्नु परेको बेलामा पनि साहित्य लेखिन्न । भारी बोक्नेले लेख्नुभन्दा पहिले आफ्नो भारी नै बिसाउनुपर्छ । रिक्सावालाले पनि लेख्नुभन्दा पहिले आफ्नो रिक्सा थन्क्याउनु पर्छ । महान् क्रान्तिका अवधिहरू निक्कै व्यस्त र कठिन समयहरू हुन्, एकदल अर्को दलसित संघर्ष गरिरहेको बेलामा गर्नुपर्ने पैल्हो कुरो तत्कालिन सामाजिक व्यवस्थालाई फेर्नु हो । कसैको पनि लेख्ने समय र झुकाव हुँदैन । त्यसकारण क्रान्तिको बेला साहित्यजगत् अस्थायी मौनतामा विलिन भइरहन बाध्य हुन्छ ।

(३) क्रान्तिले विजय पाएपछि, सामाजिक तनाव अलि कम हुन्छ र मानिसहरूको स्थितिमा केही हेरफेर भउको हून्छ अनि फेरि साहित्य लेखिन्छ । यस अवधिमा दुई किसिमका साहित्य देखा पर्छन् । एक थरीले क्रान्तिको तारिफ गरेर यसको गुणगान गर्छ किनभने प्रगतिशील लेखकहरू समाजमा देखा परेका परिवर्तनहरू र नयाँ निर्माणबाट प्रभावित भएका हुन्छन् । पुराना संस्थाहरूको पतनमा खुशी भएर उनीहरू नयाँ निर्माणको प्रशंसा गर्दछन् । क्रान्तिपछि देखा पर्ने दोस्रो खालको साहित्य-शोक गीत-पुरानो कुरोको क्षयप्रतिको रूवाई हो । कोही कोही यसलाई ‘प्रतिक्रान्तिकारी साहित्य’ भनी भन्छन् तर म भने यसलाई त्यति गहिरिएर विचार गर्नुपर्छ भन्ने ठान्दिन । तिनीहरूका वरिपरिको वातावरण विस्तारै फेरिंदै जाँदा र तिनले तिनीहरूको जीवनपद्धतिमै असर पारेपछि तिनीहरूको दिमाग पूराना विचारहरूले भरिएको हुँदा तिनीहरू विगतका आफ्ना सुखपूर्ण दिनहरू सम्झन्छन् र पुरानै समाजको पछि लाग्छन् । यसरी पुराना कुराहरू सम्झिरहने भएकाले तिनीहरू अत्यन्त पुराना, सडेगलेका विचारहरू व्यक्त गरिहिंड्छन् र यस्ता साहित्य सिर्जन्छन् । यस काँटका सबै साहित्य रोदन हुन् जसले लेखकको व्याकूलता मात्र व्यक्त गर्छ । नयाँ निर्माणको चहकिला सफलताहरू र पूराना व्यष्वस्थाहरूको पतनले तिनीहरूलाई शोकगीतहरू गाउन लाउँछन् । यसरी विगतको कामना गरिरहनु र शोकगीतहरू गाइरहनुको अर्थ क्रान्तिभएको छ भन्ने हो । क्रान्ति नभइदिएको भए पुराना शक्तिहरू सत्तामै रहिरहनेछन् र शोक गीतहरूको उच्चारण नै हुने थिएन ।

आज चीनमा यी दुईमध्ये कुनै पनि साहित्य छैन न विगतका लागिको शोक गीत न त नयाँको निम्ति गुणगान, किनभने क्रान्ति अझै पूरा भइसकेको छैन ।यो त अझै संक्रमणको क्रान्तिकारीहरूका लागि व्यस्त रहनुपर्ने अवधि हो । अझै यहाँ पुरानो साहित्यको थुप्रो छ र प्रत्येक कुरो पुरानै शैलीमा रहेको छ ।यो भएको चाहिं क्रान्तिले समाजका रूढीवादीहरूर्ला कति पनि असर नगरेर धेरै थोरै हेरफेर मात्र ल्याएको छ भन्ने मलाई लाग्छ र त्यसो भएर नै पुरानो विचार समूह जस्तातस्तै रहिरहन सक्यो । क्वाङचौ(शहर) का पत्रपत्रिकाहरूको लेखनी झन्डै सबैजसो पुरानै छन् भन्ने तथ्यले के कुरा प्रमाणित गर्दछ भने क्रान्तिले यहाँको समाजलाई पनि छोएको छैन, त्यसो हुँदा यहाँ नयाँहरूको निम्ति विजयगीत छैन र पुरानाहरूको निम्ति शोकगीतहरू पनि छैनन् र क्वाङतुङ(प्रान्त) दशवर्ष अघि जस्तो थियो उस्तै रहेको छ । त्यति मात्र कहाँ हो र यहाँ त उजुर र विरोध कुनै पनि छैन । हामीहरू मजदुर संगठनले सरकारी अनुमति लिएर जुलुसमा भाग लिइरहेको देख्छौं यसरी उनीहरूले थिचोमिचोको विरूद्ध क्रान्ति गरिरहेका छैनन् । यो त सरकारी आदेशबाट भएको क्रान्ति पो भयो । चीन नफेरिएकोले हामीहरूको यहाँ विगतका सम्झनामा लेखिएका रोदनपूर्ण गीतहरू र नयाँ अघि लम्काइएका गीतहरू दुईटै छैनन् । सोभियत रूसमा भने उनीहरूको दुवै खाले गीतहरू छन् । देशबाहिर भागी हिंडेका पुराना लेखकहरू मुख्यतः बितिसकेकाहरूको निम्ति शोक गीतहरू लेख्छन् र अर्कोतिर उनीहरूको नयाँ साहित्य अघि लम्कन पाइला चाल्दैछ । अहिले नै महान् कृतिहरू देखा नपरिसकेका भए पनि नयाँ लेखनीहरू मनग्गे भइसकेका छन् र उनीहरू रिस पोख्ने अवधिलाई नाघेर विजयका गीतहरू घन्काउने अवमा पुगिसकेका छन् । क्रान्ति पूरा भएपछि लगत्तै निर्माणको गुणगान शुरू हुन्छ तर अहिले नै पछि के हुने होला भन्ने कुरा त भनिहाल्न सक्दैनौं । मलाई लाग्छ, क्रान्तिद्वारा विश्व नै जनताको हुने हुनाले जनसाहित्य नै हुन्छ होला ।

अचेल केही लेखकहरू ज्यामीहरू र किसानहरूजस्ता सर्वसाधारण मानिसहरूलाई आफ्ना उपन्यासहरू र कविताहरूमा सामग्रीका रूपमा जुटाउने गर्छन् र यसलाई उनीहरू जनसाहित्य भन्ने गर्छन्, तर साँच्ची भन्ने हो भने त्यो जनसाहित्य भने होइन, किनभने जनताले आफ्नो मुख अझसम्म खोलेका नै छैनन् । “सर्वसाधारण मानिसहरूले वास्तविक मुक्तिपाएपछि मात्र वास्तविक जनसाहित्य शुरू हुन्छ । हामीहरूको ‘उहिलेदेखि नै जनसाहित्य’ भन्नु गलत हुन्छ भनेको कारण यही नै हो ।

वास्तवमा, चीनमा हाम्रो जनसाहित्य छैन, न संसारको कुनै ठाउँमै छ । झन्डै सबैजसो साहित्य, गीतहरू र कविताहरू पेटभरी खाएर कवजमा लेटर पढ्ने उपल्लो वर्गका निम्ति छन् । एक जन प्रतिभाशाली विद्वान्ले घर छाड्छ, राम्री तरूणीसित भेट्छ र दुवै प्रेममा फस्छन्, त्यसपछि एक जना मूर्ख मान्छेले तिनीहरूलाई बाधा पुर्याउँछ, तिनीहरू विभिन्न दुःखहरू झेल्छन् तर अन्तमा सब कुरो राम्ररी टुगिन्छ । यस्ता कुराहरू पढ्नु ज्यादै मज्जालाग्दो हुन्छ । अथवा यस्ता किताबहरूमा सुखी उच्च वर्गका मानिसहरू वा हाँसोउठ्दो तल्लो वर्गका मानिसहरूका विषयमा लेखिएका हुन्छन् । केही वर्षअघि नयाँ युवक (पत्रिका)ले निक्कै जाडो ठाउँमा राखिएका कैदीहरूका केही कथाहरू प्रकाशित गरेथे र प्राध्यापकहरूले तिनलाई मन पराएनन् । उनीहरू यस्ता तल्लो खालका पात्रहरूलाई रूचाउँदैनन् । रिक्सावाला केटाहरूका विषयमा लेखिएको नाटक पनि निम्न तहकै नाटक हो । उनीहरूको ओपेराहरू (नाटकहरू) मा तपाईले खाली प्रतिभाशाली विद्वान् र राम्री तरूनीजस्ता पात्रहरू मात्र भेट्टाउन सक्नुहुन्छ । प्रतिभाशाली विद्वा अदालती जाँचमा पास हुन्छ र सुन्दरी सुखी हुन्छन्, यसलाई पढने प्राध्यापकहरू पनि सुखी हुन्छन् र तल्ला वर्गका मानिसहरू पनि उनीहरू सँगसँगै सुखी हुनुपर्छ भन्ने मलाई लाग्छ ।

तपाईहरू सच्चा क्रान्तिका लागि समर्पित योद्धाहरू हुनुहुन्छ र मेरो विचारमा तपाईहरूले अहिले साहित्यको गुणगान नगर्नु नै जाति हुनेछ । साहित्यको अध्ययनले युद्धमा सघाउनेछैन, लडिसक्नुभएपछि आराम लिइरहनुभएको बेला, पढ्दा मज्जा आउने, त्यो पनि राम्ररी लेखिन सके भने मात्र तपाईहरूले समर सम्बन्धी गीतहरू लेख्न सक्नुहुन्छ । अझ कवित्वमय तरिकाबाट भन्ने हो भने यो कुरा बोट लाउनेजस्तै हो-बोट बढेर छायाँ दिन थालेपछि किसानहरू दिउँसो काम गर्दागर्दै सुसाउन यसमुनि आएर बस्न र खाजा खान सक्छन् । चीनको वर्तमान स्थितिमा, खाँचो क्रान्तिकारी युद्धको छ । सुन च्वान फाङलाई कविताले तर्साउन सक्दैन तर गोला वर्षाले भने उसलाई भगाउन सकिन्छ । केही मानिसहरू साहित्यले क्रान्तिमाथि ठूलो प्रभाव पार्छ भनी विचार गर्छन् भन्ने मैले सुनेको छु तर व्यक्तिगत रूपमा म भने यसमा शंका गर्दछु । वास्तवमा साहित्य फुर्सदको उपज हो । हो, यसले राष्ट्रको संस्कृतिलाई प्रतिविम्बित गर्दछ ।

अचेल केही लेखकहरू ज्यामीहरू र किसानहरूजस्ता सर्वसाधारण मानिसहरूलाई आफ्ना उपन्यासहरू र कविताहरूमा सामग्रीका रूपमा जुटाउने गर्छन् र यसलाई उनीहरू जनसाहित्य भन्ने गर्छन्, तर साँच्ची भन्ने हो भने त्यो जनसाहित्य भने होइन, किनभने जनताले आफ्नो मुख अझसम्म खोलेका नै छैनन् । यी कृतिहरूले त जनताका मुखमा शब्दहरू थुपारेर दर्शकहरूको भावनालाई मात्र अघि सारेका छन् । हालका हाम्रा केही लेखकहरू गरिब नै भए तापनि उनीहरू किसानहरू र ज्यामीहरूभन्दा राम्रै छन् नत्र अध्ययन गर्न उनीहरूको पैसा कहाँबाट आउँथ्यो र अनि लेख्न पनि समर्थ हुँदैनथे । उनीहरूका रचनाहरू जनताका ओठबाट चुहिएकाजस्ता देखिन्छन् तर वास्तवमा त्यसो होइन ती जनताका वास्तविक कथाहरू होइनन् । अहिले केही लेखकहरू लोक गीतहरू सर्वसाधारण जनताले गाउने हुनाले त्यसमा जनताको अधिकारिक आवाज हुन्छ भन्ने विश्वास लिएर लोक गीतहरू संकलन गर्नेतिर लागेका छन् । तर पुराना किताबहरूले हाम्रा सर्वसाधारण जनतामाथि ज्यादै ठूलो परोक्ष प्रभाव पारेका हुन्छन् किनभने उनीहरू ३००० गु जमिन भएका गाउँका भलाद्मीहरूलाई असंख्य मान राख्छन् र ती नै भलाद्मीहरूका विचारहरूर्ला आफ्नै जस्तो ठानी अपनाउँछन् र ती भलाद्मीहरू विशेषगरी ५ वा ७ अक्षरे पंक्तिका कविताहरू पाठ गर्छन् र लोकगीतमा पनि उही छन्द चल्यो ।यो त शैलीसम्बन्धी कुरा मात्र हो र उनीहरूको विषयवस्तु पनि थोत्रो र पतनोन्मुख हुने भएकोले तिनर्ला सच्चा जनसाहित्य भन्न सकिन्न । अचेलका चिनियाँ पद्य र उपन्यासहरू अरू देशहरूकोस्तरमा पुग्न सकेका छैनन् । हामीहरूले तिनलाई साहित्य मात्र भन्नुपर्छ भन्ने मलाई लाग्छ तर हामीलाई क्रान्ति बेलाको साहित्यबारे कुरा गर्न सक्दैनौं र जनसाहित्यको त अझ टाढाको कुरा भयो । आजका हाम्रा सबै लेखकहरू विद्वानहरू हुन् र हाम्रा ज्यामीहरू र किसानहरूले आफू मुक्त नभएसम्म तिनै विद्वानहरूले विचार गर्नेसरी विचार गर्दै जानेछन् । उनीहरूले वास्तविक मुक्तिपाएपछि मात्र वास्तविक जनसाहित्य शुरू हुन्छ । हामीहरूको ‘उहिलेदेखि नै जनसाहित्य’ भन्नु गलत हुन्छ भनेको कारण यही नै हो ।

तपाईहरू सच्चा क्रान्तिका लागि समर्पित योद्धाहरू हुनुहुन्छ र मेरो विचारमा तपाईहरूले अहिले साहित्यको गुणगान नगर्नु नै जाति हुनेछ । साहित्यको अध्ययनले युद्धमा सघाउनेछैन, लडिसक्नुभएपछि आराम लिइरहनुभएको बेला, पढ्दा मज्जा आउने, त्यो पनि राम्ररी लेखिन सके भने मात्र तपाईहरूले समर सम्बन्धी गीतहरू लेख्न सक्नुहुन्छ । अझ कवित्वमय तरिकाबाट भन्ने हो भने यो कुरा बोट लाउनेजस्तै हो-बोट बढेर छायाँ दिन थालेपछि किसानहरू दिउँसो काम गर्दागर्दै सुसाउन यसमुनि आएर बस्न र खाजा खान सक्छन् । चीनको वर्तमान स्थितिमा, खाँचो क्रान्तिकारी युद्धको छ । सुन च्वान फाङलाई कविताले तर्साउन सक्दैन तर गोला वर्षाले भने उसलाई भगाउन सकिन्छ । केही मानिसहरू साहित्यले क्रान्तिमाथि ठूलो प्रभाव पार्छ भनी विचार गर्छन् भन्ने मैले सुनेको छु तर व्यक्तिगत रूपमा म भने यसमा शंका गर्दछु । वास्तवमा साहित्य फुर्सदको उपज हो । हो, यसले राष्ट्रको संस्कृतिलाई प्रतिविम्बित गर्दछ ।

मानिसहरू आफ्नो पेशाबाट कहिल्यै सन्तुष्ट हुँदैनन् । मैले केही निबन्धहरू लेख्न छाडी अर्को केही गर्न सकिन र मलाई लेखि हिंड्नु झर्को लागेको छ तर तपाईहरू भने राइफल बोकी हिंडिरहनुभउकाहरू साहित्य विषयमा सुन्न चाहनुहुन्छ । मलाई बन्दुक पड्केको सुन्न इच्छा छ किनभने मलाई त साहित्यभन्दा बन्दुकको आवाज नै बर्ता मिठो जस्तो लाग्छ । मैले भन्ने कुरो यति नै हो । मेरो कुरा सुनिदिनु भएकोमा यहाँहरूलाई धन्यवाद ।

*(स्रोत : ‘ह्वामफु जङ्गी एकेडेमीमा १९२७ अप्रिल ८ तारिखका दिन लुसुनले दिनुभएको प्रवचन’-लुसुनका निबन्धहरूबाट)*

## कविता


# खूब खाउ आ खूब मोटाउ



▶ रोशन जनकपुरी

भेलै, आबो त भाभट समटू ,
सत्ता पक्ष छी त सत्ता में जाउ,
सब खाई छै, त अहूँ खाउ,
खूब खाउ, खूब मोटाउ
रे की आब अधकचरा राग गबै छी,
ने एम्हरे ने ओम्हरे,
की ड्यूटीए भेटल अइछ सड़के पर ,
भगतै गबैत रह आ
जनता के ओझरयने रह ?
जाउ नै , सत्तापक्ष छी त
सत्ता में जाउ,
अहूँ के लोक त चिन्हनहीं अइ
जनता के करबै तेरहे बाइस
तैं जाउ आ खूब खाउ आ खूब मोटाउ
आबो सड़क त खाली करु
आ दोसरा के मौके दीयउ ,
आ कहीं किछु क' दीअय ?
ओना जनैछी ,
जाबे तक बिस्टी बला
आ चिप्पी बेलै पैन्ट के गप्प नइँ होत,
तांबे तक ओ नइँ आओत,
आ ओ नइँ आओत त
झगड़ कोन काम के?
मुदा अहाँ के की ?
अहाँ त सत्ता पक्ष छी ,
अहाँ जाउ ,
खूब खाउ
खूब मोटाउ ,
हम त सड़क छाप छी ,
हम त सड़कें पर रहब
आ प्रतीक्षा करब
जे केओ आओत
आ हमरो बात करत ।
ई हमर सत्ता नइँ,
हमर सत्ता होयत
सड़के सन
फरदेवाली
अइ पा ̍स ओइ पर देखाय बला ,
ने लप्पन ने छप्पन
ओइ में जे हेतै से अप्पन,
आ ओ हेतै
आ ओ सड़के स हेतै
आ सड़के बनयतै ,
हमहि बनयबै
सड़क छाप लोक सब
अहाँ देख लेबै,
मुदा अहाँ के तै स की,
अहाँ त सत्तापक्ष छी ,
अहाँ जाउ, खूब खाउ आ खूब मोटाउ ।

## गजल



● *सिताराम के.सी. “ध्रुव“*

गाई मारी गधा पोसेको सुहाएन कि कमरेड ?
झुपुडीमा आगो झोसेको सुहाएन कि कमरेड ?
टाउकाको मूल्य तोक्नेसँगै लम्पसार पर्नेभए,
नारीको सिंदुर खोसेको सुहाएन कि कमरेड ?
जनक्रान्तिको आगो भरी निभाएर देशै भरी,
स्वार्थको कसौंडी डोसेको सुहाएन कि कमरेड ?
आफ्नोपन लुटाएर दलाल तन्त्रको प्रबक्ता बनी,
गंभिर भएर धेरै सोचेको सुहाएन कि कमरेड ?
गाई मारी गधा पोसेको सुहाएन कि कमरेड ?
झुपडीमा आगो झोसेको सुहाएन कि कमरेड ?

-प्युठान

## छद्म...

उनको सम्बोधन खासै चर्चाको विषय बनेन। खासमा चर्चाको विषय बन्ने कुरा पनि थिएन। संसदीय व्यवस्था आफैमा असफल भइसकेको व्यवस्था त हुँदै हो त्यसमा पनि शेरबहादुर त झनै असफल प्रधानमन्त्री भनेर विगतमा सरकारबाट गलहत्याइएको हुनाले उनीबाट राष्ट्रले अपेक्षा गर्ने कुरा केही पनि थिएन। अहिलेको प्रम पदमा उनको सत्तारोहण त केवल भागवण्डाको औपचारिकता मात्रै हो। यहाँ चर्चा गर्न खोजिएको विषय भनेको प्रमको पदबाट हट्दै गर्दा प्रचण्डले संसदमा बोलेको विषयमा हो।

संसदमा सम्बोधन गर्दा पूर्व प्रम केपी ओली र प्रचण्डले एकार्काको शरीर खोम्निएर मयल टक्टक्याउने काम मात्र गरे। केपीको मुस्कान सहितको व्यङ्ग्यमिश्रित प्रहारलाई प्रचण्डले आक्रामक शैली र मुद्रामा तिखो प्रहारको बाण हुत्याए। उनीहरूको यो पँधेरे झगडाबाट राष्ट्र र जनताले के पाउन सक्थे र के पाए ? त्यसैले संसदको विश्लेषण गर्दै लेनिनले यसलाई 'बुर्जुवाहरूको गफ गर्ने अखडा' भनेर चित्रण गरेका थिए। २०४६ पछि पुनर्स्थापित संसदहुँदै हालको गणतन्त्रात्मक नै भनिए पनि नेपालको संसदीय व्यवस्थाले लेनिनकै परिभाषालाई पुष्टि गरेको छ।

केपी ओलीले चितवनको मतगणणा कार्य हुँदा मतपत्र च्यातिएको विषयलाई लिएर निकै लामो भूमिकासहित प्रचण्डमाथि प्रहार गरे। त्यस अलावा सरकारको नेतृत्व गर्दा प्रचण्ड सरकारले गरेका कामहरूका बारेमा पनि उनले निकै आरोप लगाए। केपीको सम्बोधनमा प्रचण्ड-देउवा गठवन्धनको विरोध र प्रचण्डलाई पँधेरे गाली गर्नमै झण्डै डेढ घण्टा समय लाग्यो। केपीपछि बोलेका देउवाले छोटो समयमा आफ्ना कुरा राखे। प्रमको हैसियतबाट प्रचण्डले अन्तिम भाषण गरे।

आक्रामक शैलीमा बोल्न सुरु गरेका प्रचण्डले भाषणको उत्कर्षतिर जाँदै गर्दा केपीको आरोपको खण्डन मात्रै गरेनन्, आफ्नो अशली अनुहारको पर्दा पनि अनावरण गर्दै गए। त्यहाँ उनले आफू 'लोकतन्त्रप्रति बफादार' भएरै जनयुद्धको सेफल्याण्ड गरेको खुलासा पनि गरे। साथै उनले प्रधानमन्त्री पदबाट राजिनामा दिएर लोकतान्त्रिक संस्कार अरूलाई सिकाएको बताए।

प्रचण्डको भाषण सुन्दै गर्दा यो स्तम्भकारलाई २०६० सालको लखनऊको आफ्नो भूमिगत सेल्टरमा प्रचण्ड, बाबुराम र पोष्टबहादुर बोगटीका बिचमा अनौपचारिक छलफल हुँदा प्रचण्डले भनेको कुराको स्मरण भयो। त्यतिबेला उनले जनयुद्धका बारेमा चर्चा गर्दै जनयुद्धलाई दस बर्स भन्दा बढि लैजान नहुने धारणा राखेका थिए। पोष्टबहादुरको सेल्टर पनि लखनऊमै थियो। बाबुराम र प्रचण्ड दिल्लीबाट आएका थिए। त्यहाँ आउनुको उद्देश्य गिरिजाप्रसाद कोइराला र माधव नेपालसँगको त्रीपक्षीय वार्ता थियो। जनयुद्ध लम्ब्याउनु हुँदैन भन्ने कुरा र गिरिजा माधवसँगको वार्ताको तात्पर्य प्रस्टै थियो कि प्रचण्ड लोकतन्त्रमा जनयुद्धलाई टुङ्ग्याउन चाहन्थे। वार्तामा भित्र के कुरा भएको थियो त्यो त उनीहरूलाई नै थाहा होला तर हामी कार्यकर्ताहरूलाई भने २०५७ को दोस्रो राष्ट्रिय सम्मेलनले अघि सारेको संविधानसभाको नारामा तात्कालीन संसदवादी दलहरूलाई ल्याउनु र लोकतन्त्र हुँदै विद्रोहलाई सङ्गठित गर्ने भनेर ललिपप खुवाइएको थियो। आज उनको भाषणले प्रष्टै भयो कि उनी नयाँ जनवादी गणतन्त्रका लागि होइन, लोकतान्त्रिक गणतन्त्रका लागि जनयुद्धको बाटो तय गरेका थिए। बाबुराम त पहिलादेखि नै यही व्यवस्थाप्रति प्रतिवद्ध थिए। प्रचण्ड भने कमरेड किरणको वैचारिक दवाव र फिल्डमा निस्वार्थ लडेका कार्यकर्ताहरूको भावनामा बहकिएका रहेछन् भन्ने कुरा प्रष्ट भयो। यति भएर पनि सङ्गठनात्मक नेतृत्व गर्ने क्षमता प्रचण्डमा भएकै हो। पार्टी भित्र र बाहिरका अन्तरविरोधको पहिचान गर्ने, तत्काल योजना बनाई लागू गर्ने र गराउने कला पनि उनमा नै थियो र छ। त्यो समकालीन कुनै पनि नेताहरूमा अभाव रहेको देखिन्छ।

संसदमा बोल्दा प्रचण्डले आफू 'लोकतन्त्रलाई सैद्धान्तिक प्रतिवद्धताको साथ स्वीकार गरेको र शान्ति प्रकृयामा आएको' भनाई राखे। लोकतन्त्रप्रतिको आफ्नो प्रतिवद्धता जनाउँदा उनले एमालेलाई लोकतान्त्रिक हुन धेरै समय लागेको तर आफूहरू छोटो समयमै लोकतान्त्रिक भएको भनाई बडो गर्वका साथ राखे र एमालेलाई आक्रामक हुँदै लल्कारे। पहिलोचोटी प्रधानमन्त्री हुँदा आफू अनुभव नभएको र केही युद्धमानसिकताबाट मुक्त नभएका कारण अपरिपक्क भएको स्वीकार पनि गरे। यसपटक प्रमको कुर्चीमा बस्दा उनले 'पहिलो, जात, वर्ग, समुदाय बिचको राष्ट्रिय एकता कायम गर्ने, दोस्रो, संविधानको स्वीकार्यता बढाउने, तेस्रो, भूकम्पले क्षति भएको संरचनाहरूको पुनर्निमाण र राहत दिने, चौथो, राष्ट्रिय गौरवका आयोजनालाई गति दिने र पाँचौ, छिमेकीसँग लडखडाएको सम्बन्ध सन्तुलित गर्ने' चुनौती रहेको बताए। यी पाँचवटा चुनौतीको सामना त गरे होलान् परन्तु, समाधान के गरे त भन्ने कुरा महत्वको विषय हो।

प्रम भएपछि उनले पाँचौ चुनौतीलाई पहिलो प्राथमिकता दिए। त्यसका लागि चीनतर्फ महरा र भारततर्फ निधीलाई दूत बनाएर पठाए र आफू भारतपरस्त हुँदाहुँदै र भारतीय शाषकवर्गको अनुकम्पाले प्रमको पदमा विराजमान हुँदाहुँदै पनि दुबैतर्फ सन्तुलित भएको नाटक मञ्चन गर्न भ्याए। तथापि उनले पहिला भारत भ्रमण गरे र पच्चीस बुँदे सहमति मार्फत् अहिलेसम्म भएका असमान सन्धि सम्झौताहरूलाई बलियो बनाएर राष्ट्रिय आत्मसमपर्ण गरे। दोस्रोमा उनले 'संविधानको सर्वस्वीकार्यता' बढाउनका लागि लोकतन्त्रको धज्जी उडाउँदै फासीवाद लागू गरे र संसदमा रहेका दल बाहेकका दलहरूलाई चुनाउमा भाग लिन एकप्रकारको प्रतिबन्ध लगाउने कानुन बनाउन भूमिका खेले र संसद बाहिर रहेका दलहरूमाथि प्रतिबन्ध लगाए। तेस्रो, जात, वर्ग र समुदायको राष्ट्रिय एकता कायम गर्ने काम होइन कि बरू उनीहरूका बिचमा विभेद खडा गर्दै कहिले मधेशीहरूलाई उचाल्ने र कहिले जनजातीहरूलाई उचाल्दै तपाइँहरू सबैका माग जायज छन् भन्दै आफ्नो अवसरवादी चरित्र प्रदर्शन गरे। संविधान संशोधनको विधेयकमा कतिपय राष्ट्रघाती प्रस्ताव अघि सारेर भारतीय शाषक वर्गलाई रिझाउन खोज्दा न त एमाले, राजमो लगाएतका दलहरूको खोक्रो र मण्डले राष्ट्रवादको भण्डाफोर गर्न सके न त मधेशका वास्तविक नेपालीहरूको मन जितेर उनीहरूलाई भारतीय दुतावासबाट सञ्चालित कतिपय मधेशवादी नेताहरूबाट अलग गर्न सके।

२०७२ को माहाविनासकारी भूकम्पले एकठाउँमा ल्याएका प्रचण्डसहितका संसदवादी दलहरू जबर्जस्त संविधान घोषणा गर्न त सफल भए परन्तु त्यसलाई लागू गर्नका लागि एकतावद्ध हुन सकेका छैनन्। नित्तान्त आफ्नो प्रमको कुर्ची मोहको निहीत स्वार्थका लागि कहिले एमाले र कहिले नेपाली कांग्रेससँग घाँटी जोडेका प्रचण्डले राष्ट्रिय गौरवका आयोजना निर्माण गर्ने कामको सुरूआत भन्दै फास्टट्र्याकको दोस्रोपल्ट शिलान्यास गरेर नेपाली सेनाले आफुलाई वेवकुफ बनाएको पत्तो पनि पाएनन। जे होस् फास्टट्र्याक नेपालीले नै बनाउनु गौरव र आत्मसम्मानको कुरा त हुँदै हो।

'संघीय लोकतान्त्रिक गणतन्त्रकै संविधान बन्नु पर्छ भन्ने कुरामा सबै भन्दा बढि चिन्तित भएको' भनेर प्रचण्डले आफू जसतोसुकै लचकता अपनाएर भएपनि संविधान निर्माण गर्न महत्वपूर्ण भुमिका खेलेको बताए। यसले पनि उनी नयाँ जनवादी क्रान्तिको पक्षमा थिएनन् भन्ने कुरा प्रमाणित भयो। उनले आफूले निकै ठूलो चुनौती र जोखम मोलेर आँट गरेर नै सेना समायोजन गरेको बताउँदै आफूले नचाहेको भए हतियार व्यवस्थापन र लोकतन्त्र स्थापना हुन्थ्यो भन्दै प्रतिप्रश्न गरे। उनले जनयुद्ध दस बर्स भन्दा बढि लम्ब्याउनु हुँदैन भनेर भनेको कुरा र अहिले आफै सेनासमायोजन र हतियार व्यवस्थापनमा आफूले आँट गरेको बताएपछि उनी क्रान्ति नायक होइन, खलनायक बनेर सत्तारोहण गर्दै आफ्नो र आफ्ना सन्तानको व्यवस्थापनका लागि जनयुद्धलाई हतियार बनाएको पुष्टि हुन्छ। भरतपुर माहानगरपालिकामा आफ्नी छोरीलाई मेयर पदमा उठाउनु र जसरी पनि जिताउनका लागि पोखरामा कांग्रेसलाई छोडेर चुनावी तालमेल गर्नुले उनी गिरिजाकै अशली चेला भएको तथ्य स्पष्ट पार्दछ। र, यो कुरा उनले पटक पटक आफै स्वीकार्दै पनि आएका छन्। राप्रपाको अधिवेशनमा आफू र राप्रपा उस्तै उस्तै लागेको र मिलौं मिलौं लागेको बताउनु, बेलाबखत आफूलाई गिरिजाको उत्तराधिकारी भएको स्वीकार गर्नु र अहिले आफ्नो टाउकाको मोल तोक्ने नेतालाई काँध हालेर सहकार्य गर्दै यसलाई दीगो बनाउनु पर्छ भन्नुले प्रचण्ड अब कम्युनिस्ट पनि रहेनन् र उनी क्रमशः प्रतिक्रियावादी कित्ता र वर्गतिर पाइला चाल्दै छन् भन्ने देखिन्छ।

यसरी, विचारको तहबाट हेर्दा विश्व कम्युनिस्ट आन्दोलन र नेपाली कम्युनिस्ट आन्दोलनको प्रमुख समस्या भनेको छद्म संशोधनवाद हो। माओवादी आन्दोलनमा बाबुराम संशोधनवादी नेता थिए। यो पार्टी भित्रका वैचारिक तहबाट अध्ययन गर्ने नेता कार्यकर्ता सबैलाई थाहा थियो। परन्तु प्रचण्ड छद्मसंशोधनवादी भएर बसेको कुरा उनीसँग सबैभन्दा नजिक रहेर उनको नेतृत्व गरेका र उनलाई प्रचण्डपथसम्म पुऱ्याउन भूमिका खेलेका कमरेड किरणले सम्म सुइँको नपाउनुले आज नेपालको क्रान्तिकारी धाराले निकै ठूलो क्षति व्यहोनु पऱ्यो। कम्युनिस्ट पार्टीहरुमा देखा पर्ने जब्बर सामन्तवाद र छद्म संशोधनवादका विरुद्ध वैचारिक आन्दोलन चलाउँदै हरेक नेता कार्यकर्ता व्यवहारमा जति खरो उत्रन्छन् त्यति नै विचारबाट पनि दीक्षित नहुने हो भने नेपाली क्रान्ति वस्तुगत अवस्थाले जति नजिक ल्याए पनि यो सफल हुने अवस्था कमजोर बन्दै जाने निश्चित छ। नेपालको कम्युनिस्ट आन्दोलनमा नेता र नेतृत्वप्रतिको बुझाईमा देखिने अभिधूतवादी दृष्टिकोण हटाएर द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोण अपनाउन जरुरी छ। प्रचण्डको भाषणपछिको नकारात्मकताबाट लिने सकारात्मक सन्देश यही हो।

*२७ जेठ २०७४*

## गोर्खा...

खारेजीको माग गर्दै{ रिट दायर गरेको हो।

बिगेसोको तर्फबाट सभापति पदम सुन्दर लिम्बु र विदेश विभाग प्रमुख उत्तम प्रसाद राई निवेदक भई २६ जेठ २०७४ मा सर्वोच्च अदालतमा रिट दर्ता गराइएको हो।

पत्रकार सम्मेलनमा नेकपा (क्रान्तिकारी माओवादी) का केन्द्रीय कार्यालय सदस्य परि थापाले ब्रिटिश गोर्खा भर्ती केन्द्रसम्बन्धी सम्झौता असमान र विभेदकारी रहेकोले खारेजी गरिनै पर्ने धारणा राखे। त्रिपक्षीय सन्धीको मूलमर्म विपरीत नेपाली युवाहरुलाई ब्रिटिश सैनिकमा भर्ती गरेर नेपालकै मित्र राष्ट्रका विरुद्ध भाडाको सिपाही बनाएर लडाउने गरेको भन्दै राष्ट्रिय स्वाधीनता र स्वाभिमानको पनि विरुद्ध रहेकोले गोरखा भर्ती सम्झौता खारेज हुनु पर्ने उनको भनाई थियो।

नेपालका कम्युनिष्ट पार्टीहरुले गोर्खा भर्ती केन्द्रको खारेजीको बारेमा आवाज उठाउने गरेको उल्लेख गर्दै सत्ता र सरकारको नेतृत्वमा पुगेका कम्युनिष्ट भनाउने पार्टीहरुले यो मुद्दाको विषयमा चुँसम्म नबोल्ने गरेको तर्फ लक्षित गर्दै यो सन्धि खारेज गर्न सरकारले नै पहल गर्नुपर्ने तर्क गरे।

विगेसोका विदेश विभाग प्रमुख राईले संचालन गरेको पत्रकार सम्मेलनमा नेकपा (क्रान्तिकारी माओवादी) का कार्यालय सदस्य रामसिंह श्रीस, यो सन्धिको खारेजीको पक्षमा वकालत गरिरहेका बिगेसोका सल्लाहकार अधिवक्ता फडिन्द्र कार्की लगायतको उपस्थिति रहेको थियो। मुद्दा जित्ने आधारहरुको बारेमा पत्रकारहरुले सोधेको जवाफ दिँदै बिगेसोका सभापति लिम्बूले भने, 'इतिहासका तथ्यहरु हेर्दा सन्धी त्रिपक्षीय नदेखिनु, सन्धीअनुसार गोर्खाहरुलाई मातृसेनाको रुपमा नस्वीकार्नु, सेवा निवृति भरणमा विभेद गरिनु, सन्धि १९६८ यता अध्यावधिक नगरिनु, नेपाली राष्ट्रिय स्वाधीनता र स्वाभिमानको पक्षमा नभएकोले सन्धि खारेजी हुनेमा हामी विश्वस्त छौं।'

गोर्खा सैनिक भर्तीसम्बन्धि ९ नोभेम्बर १९४७ मा नेपाल, भारत र बेलायतबीच सम्झौता भएको थियो। त्यसको दुई दिनअघि नै भारत र बेलायतबीच पे-कोड सम्झौता भएको थियो। जसमा भारतीय रुपैयाँमा तलब, पेन्सन, सेवासुविधा लगायतका कुरा निश्चित गरिएको थियो। पाँचवर्षका लागि भएको सो सम्झौता सन् १९५३ मा नविकरण भएर १९५८ सम्म र त्यसपछि एक पटक १० वर्षका लागि नविकरण भएर १९६८ सम्म नविकरण भएको देखिएपनि त्यसपछि नविकरण भएको कुनै औपचारिक जानकारी बाहिर आएको छैन।

सो सम्झौता हुँदाका समयमा कमाण्डर इन चिफ रहेका वीर शमशेरले समेत भाडाका सिपाहीको रुपमा प्रयोग नगर्ने गरी सहमति दिएको भएपनि नेपालीहरुले बेलायती सेनाबाट नेपालकै मित्रराष्ट्रविरुद्ध समेत बेलायतले प्रयोग गरेको छ।

यसैगरी नेपालबाट गोर्खा सैनिक भर्ना गरेबापत बेलायत सरकारले नेपाललाई रोयल्टी तिर्नुपर्ने भएपनि पछिल्लो समयमा त्यसको संस्थागत भएको पाइदैन। नेपाललाई बेलायतले सन् १९७० सम्म रोयल्टी तिरेपनि त्यसपछि तिर्छ या तिर्दैन भन्ने कुरा प्रष्ट छैन। त्यसबेला बेलायती सैनिकमा भर्ना भएकालाई समान तलब दिने भनिएपनि अहिलेसम्म बेलायती सरह सुविधा पाउन सकेका छैनन्। सन् १९९७ मा बढाएपनि समानता छैन। नेपालीहरुले पहिलो र दोस्रो विश्वयुद्धमा समेत बेलायतका तर्फबाट लडाई लडेपनि बेलायती सेनामा संस्थागत भर्ना भने यही १९४७ को सन्धीपछि मात्रै भएको हो। पहिलो र दोस्रो विश्वयुद्ध अघि र पछि कति नेपालीहरुले बेलायतको तर्फबाट युद्ध लडे, कतिले मृत्युवरण गरे, कति घाइते-अपांग भए, कति बेपत्ता भए, कति युद्धबन्दी भए, कति छोडिए, परिवारमा कति क्षति भयो भन्ने यकीन तथ्य नेपाल र बेलायत दुवै सरकारसँग पाइदैन।

## देजमोद्वारा...

दाहालप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गरेका छन् भने शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गरेका छन्। दाहालका एक श्रीमती र दुई छोरीहरु रहेका छन्

**दैनिकी दुर्वाच्य...** रामचन्द्र हुमागाई



# सांसद किनबेचको घिनलाग्दो खेल

जेठ २२ गते। भरतपुर काण्डलाई मूल मुद्दा बनाएर प्रतिपक्षी एमालेले एकहप्तादेखि अवरुद्ध पारेको संसदलाई मध्यनजर गर्दै तीन दलका ठूला नेताको बैठक बस्यो। बहाना जे भए पनि एमालेलाई सबै दलले त्याग्दै गरेको परि स्थितिमा एमालेले लचकता देखायो र भोलिदेखि संसद सुचारु हुने बताइयो।

जेठ २३ गते। अमेरिका युरोप र हालसालै भारतीय खेमामा समेत आवद्ध नेपाली कांग्रेसमा सभापति शेरहदादुर देउवा आजको संसदमा बहुमतीय प्रकृयामा निर्वाचित प्रधानमन्त्री घोषणा गरिए। सिंहदरवार प्रवेशको यो चौथो पटकमा देउवाले निकै चुनौती सामना गर्नु त छँदैछ तर प्रवेश द्वारमै देउवाका दाँतमा रड्किएका ढुङ्गाले भने निकै नै चुनौती दिएका छन्। ज्ञानेन्द्रले दुईदुई पटक लगाएको अक्षमको तक्मा, प्राडो, पजेरोदेखि सांसद खरिद बिक्रीसम्मका चुनौतीले देउवालाई सिंहदरवारको पर्खाल पार गर्दा पक्कै पनि ठेस लागेकै हुनुपर्छ। यदि उनीभित्र नैतिकता छ भने।



जेठ २४ गते। आज मुलुकका तीन सर्वोच्च निकाय मध्ये न्यायपालिका र कार्यपालिका प्रमुखले एकैदिन सपथ खाए, यसलाई संयोग नै मान्नुपर्छ। इतिहासमा यस्तो कहिल्यै भएको छैन। यसमा अर्को पनि संयोग मिसिएको छ त्यो के भने यी दुवै प्रमुखहरू ने.सं.का पूर्व पदाधिकारीहरू हुन्। हेर्न भने बाँकी नै छ यिनीहरूमा राजनीतिक दुर्गन्ध बाँकी नै छ कि मुलुकलाई माया पनि गर्छन्।

जेठ २५ गते। शेरवहादुर सरकारको आठ सदस्यीय मन्त्रिमण्डलले मधेश केन्द्रित पार्टी राजपालाई निर्वाचनमा भाग लिन सजिलो होस् भन्ने ध्ययले निर्वाचनसम्वन्धी केही नियमलाई संसोधन गऱ्यो तर कुकुरको पुच्छर जतिवर्ष ढुँग्रोभित्र राखे पनि सोझो हुँदैन भनेझैं मधेशीहरू निर्वाचनमा भाग नलिने पक्षमा पुगेका छन्। आमाले प्रेमपूर्वक छोरालाई पस्किएको भातको थालमा लात्ताले हान्ने छोरो लम्पट भोकै हुन्छ भन्ने उखानलाई मधेशीहरूले बुझ्न सकेनन् भने घाटा उनैलाई हुन्छ। किनभने दिल्लीको भन्छाघर धेरैदिन चल्दैन। यो संविधान कुनै अमूक समूहलाई मात्रै मान्य होइन, आम नेपालीका लागि अमान्य छ भन्ने पार्टीलाई त लुतो न कनाई।

जेठ २६ गते। बिचरा शेरबहादुर। नामका मात्रै 'शेर' ले नेपाली कांग्रेसको महाधिवेशन सम्पन्न भएको यत्तिका दिन बितिसक्यो त केन्द्रीय पदाधिकारी पूर्ण गर्न सकेका छैनन्। प्रधानमन्त्री भएको ३ दिन भित्र कसरी मन्त्रिमण्डल पूर्ण गरुन्। देउवाको अपूर्ण मन्त्रिमण्डल भन्ने प्रतिकृयाहरू आउन थालिसकेका छन्। अरुको त के कुरा आफ्नै पार्टी भित्रको गुट र उपगुट नै मिलाउन सकेका छैनन्। रामचन्द्र गुट र सिटौला उपगुटबाट पनि मन्त्री बनाउनुपर्ने भएकाले एरावत हात्तीलाई माला लगाएर गगन थापाभन्दा राम्रो र दक्ष मन्त्रीको खोजि भैरहेको छ। कसैले दावी गर्छ भने बालुवाटारदेखि सानेपासम्मको सडक जहाँ गएर बसे पनि देउवाको नजर पर्ने ठानिएको छ।

जेठ २७ गते। देउवाले देखाइदिए, राजपाले हेऱ्यो। प्रधानमन्त्री शेरबहादुर देउवाले प्रधानमन्त्रीको सपथ खाएको भोलिपल्टै तराई केन्द्रित दल राजपालाई दोश्रो चरणको स्थानीय तहको निर्वाचन अगाडि संविधान संसोधन हुनै नसक्ने भन्दै नजिकै गएर देखाइदिएका छन् भने मधेश केन्द्रित दलका नेता पनि नराम्रो कुरा नराम्ररी हेरेर आन्दोलनमा जाने धम्की दिन थालेका छन्। हुन पनि हो, कहाँ गणे भण्डारी कहाँ गणेको विवाह भने झैं निर्वाचनको मुखैमा आएर संविधान संसोधनको बखेडा उडाएर लोकपृयता कमाउँने राजपाको सपना। विचराहरू घाट न मन्दिरका हुने भए। मधेशी जनता निर्वाचनमा जुटिसकेका छन्। पाउने पद गुमाएर कहाँ आन्दोलनको भुमरीमा रुमलिनु पो भन्न थालेका छन्। संविधान छेउ न टुप्पाको दस्तावेज भन्नेहरूका लागि लुतो न कनाई।

जेठ २८ गते। कम्युनिष्ट क्रान्ति उत्सर्गमा पुगेका बेला 'मर्छु' भन्ने त्रासले हतार गर्दै प्रतिक्रियावादीको पोल्टामा क्रान्तिको रफ्तार बुझाएर अहिलेको अवस्थामा पुऱ्याएका प्रचण्डले फेरि एकीकृत क्रान्तिलाई एकढिक्का बनाएर अघि बढ्नुपर्छ भन्ने प्रस्ताव ल्याएका छन् तर नेकपा क्रान्तिकारी माओवादीका अध्यक्ष मोहन वैद्यले यो प्रस्तावलाई अस्वीकार गरिदिएका छन् र भनेका छन् 'हामी सच्चा क्रान्तिकारीहरूसँग मात्रै एकीकरण गर्छौं, अवसरवादी क्रान्तिकरीसँग हाम्रो एकता हुनै सक्तैन।'

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस्।
**मितेरी यातायात एण्ड अटो प्रा.लि.**
प्रधान कार्यालय : कलंकी, काठमाडौं
फोन नं. : ०१-४२७०७०४, ४२७६३८१
तेह्रथुम सम्पर्क : डिल्लराम रेग्मी (९८५२०६०२५४)
फोन नं. : ०२६-४६०२५४
कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस्।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस्।
नारायणी यातायात व्यवसायी संघद्वारा संचालित
**टाटा सुमो सेवा**
काठमाडौंबाट- हेटौडा, वीरगंज, चपुर, निजगढ, रतनपुर
फोन नं. : ०१-५१८७२५६
बल्खु, काठमाडौं।

**स्वर्गद्वारी सार्वजनिक यातायात व्यवसायी समितिद्वारा सञ्चालित A/C हाइस सेवा**

| | |
|---|---|
| काठमाडौं-खलंगा | बिहान ६:00 बजे |
| काठमाडौं- भिंगु किमीचौर | बिहान ६:30 बजे |
| भिंगु किमीचौर-काठमाडौं | बिहान ६:30 बजे |
| खलंगा-काठमाडौं | बिहान ५:00 बजे |
| खलंगा-नेपालगञ्ज | बिहान ८:30 बजे |
| नेपालगञ्ज-खलंगा | बिहान ९:00 बजे |

सम्पर्क नम्बर
काठमाडौं - ९८६६८३३३९९
खलंगा - ९८५१२४९९४८
किमीचौर - ९८५१२४९९४८
आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस्।

**धौलागिरी अञ्चल बस व्यवसायी सञ्चालक समिति**
सम्पर्क
कृष्ण सुवेदी - ९८५१०१८९१२
राम के.सी. - ९८५१०५४२६४
होम छन्त्याल - ९८४१९०६५७२
गोपाल थापा : ९८४१८११२२४
माइक्रो काउन्टर
काठमाडौं फोन ०१४३८८३९३
बाग्लुङ ०६८५२२२२०
काठमाडौंबाट : पोखरा, बाग्लुङ, बेनी, बुर्तिबाङ, दरबाङ, मुक्तिनाथ
बाग्लुङबाट : पोखरा, काठमाडौं बुर्तिवाङ, दरबाङ, बेनी, मुक्तिनाथ
A/C, Tourist Bus, Delux Bus, A/C Micro SCORPIO, Zeep, TATA SUMO सेवा

## आलोपालो

# क्रान्तिकारी युवाहरुको दायित्व



हरिकृष्ण गजुरेल

नेपाली राजनीति दिन प्रतिदिन अत्यन्तै गम्भीर र चुनौतीपूर्ण बन्दै गईरहेको छ । राष्ट्रियता, जनतन्त्र र जनजीविकाको सवाल क्रमशः झन जटिल र संवेदनशील बन्दै गइरहेको छ । क्रान्तिको नेतृत्व गरेर आएका र नायक भनिएकाहरु अन्ततः क्रान्तिको खलनायक र प्रतिक्रान्तिको समेत नायकमा बदलिन पुगेका छन् । विदेशी प्रतिक्रियावादीहरुको दबदबा झनै हाबी बन्न पुगेको छ । मुलुकको वर्तमान र भविष्यको समेत सम्वाहक युवा पंक्ति विदेशिने क्रम निरन्तर नै छ । मुलुकका स्रोत र साधनहरु आफ्नो व्यक्तिगत स्वार्थ, सुख, सुविधा, आलिसान महलको निम्ति कौडीका भाउमा विक्री गर्ने काम भईरहेको छ । विदेशिएका युवाहरुबाट प्राप्त विप्रेषण (रेमिट्यान्स) ले आफ्नो आलिसान जिन्दगी जिइरहेका छन् । शोषक वर्गहरु दिन प्रतिदिन अधिक भन्दा अधिक रुपमा श्रमजिवी जनतालाई शोषण गर्ने नीति र कानून निर्माण गरि कार्यान्वयनको प्रक्रियामा लागिरहेका छन् भने मक्किएको प्रतिक्रियावादी राज्यसत्तालाई टेको लगाएर मजबुत पार्न मरिहत्ते गरेरहेका छन् । उर्जाशील र जिउँदो जाग्दो युवा पंक्तिलाई भ्रष्ट बनाएर मुलुकलाई अग्रगति दिनुको सट्टा पश्चगामीतिर लैजानमै लागिरहेका छन् । लुटको स्वर्गलाई निरन्तर बचाईराख्न अहोरात्र खटिईरहेका छन् । विदेशी प्रतिक्रियावादीहरु समेत नेपाललाई निरन्तर आफ्नो क्रिडास्थल बनाईरहनको लागि नेपाली अनुहारका दलालहरु मार्फत निरन्तरता दिने प्रक्रियामा तल्लिन छन् भने यहाँका दलालहरु एक आपसमा तछाडमछाड गरी अब्बल दर्जाको दलाल बन्न होडबाजी गरिरहेका छन् । रुपमा फरक देखिएता पनि सार एउटै भएका दलालहरु छन् । भागबण्डा गरि लुट्ने क्रम निरन्तर जारी छ । जनताको मुक्तिको नाममा जनतालाई दास बनाउने, विकासको नाममा मुलुकका स्रोत र साधनहरु कौडीको भाउमा विदेशीलाई सुम्पने, अनि कुरा जनताको र विकासको गर्ने यो कस्तो लाजमर्दो चरित्र छ नेपाली लेण्डुपेहरुको ।

साम्राज्यवाद र विस्तारवादले आफ्ना साखुल्ले दलालहरु पैदा गरी नेपाललाई खेलौनाको रुपमा प्रयोग गरी नै रहने धृष्टता गरिरहेका छन् । राष्ट्रका पहरेदार र संवाहक शक्ति मानिएका युवा पंक्ति अधिक मात्रामा विदेशिने क्रमले त झन स्थिति भयावह बन्दै गएको छ । झण्डै झण्डै करोडकै हाराहारीमा विभिन्न तरिकाले नेपाली नौजवान युवाहरु विदेशिएका छन् । श्रम, सिप, क्षमता र उर्जा यसरी बाहिरिएपछि कसरी स्वाधीन र समुन्नत मुलुक निर्माण सम्भव हुन्छ त ? निश्चय नै अत्यन्तै कहाली लाग्दो अवस्था समेत यसले सिर्जना गरेको छ, स्वदेशमा भविष्य नदेखेर भौंतारिन बाध्य पारिएका युवाहरुको सवालमा अब क्रान्तिकारी युवा पंक्तिले आशा जगाउनु पर्दछ । त्यस्ता युवा पंक्तिलाई स्वदेशमै रोजगारीको सिर्जना गराई समुन्नत मुलुक निर्माणको महान अभियानमा लामवद्ध गराउने आँट गर्नुपर्दछ । राष्ट्रको भविष्य निर्माणमा गम्भीर बन्नै पर्दछ । समाजमा रहेका सबै प्रकारका कुरीति, कुसंस्कार, अन्याय, अत्याचार, विभेदको अन्त्य गरी सुन्दर, स्वाधीन र समुन्नत मुलुक निर्माणको खातिर क्रान्तिकारी युवाहरुले पहल लिनै पर्दछ । यसको लागि दृढ ढंगले आँट र साहस गर्नै पर्ने हुन्छ ।

साँच्चै राष्ट्रघाती र जनघातीहरुका विरुद्ध अब क्रान्तिकारी नेपाली युवाहरुले धावा बोल्नै पर्दछ । नेपाली लेण्डुपेहरुका विरुद्ध आम युवापंक्तिलाई गोलबन्द गरी दलाल, तस्कर, भ्रष्ट शासकहरुका विरुद्ध निर्मम प्रहार गर्नैपर्दछ । अब नेपाली क्रान्तिकारी युवाहरुले सबै प्रकारका विकृति, विसंगति, अन्याय, अत्याचारको अन्त्य गरी मजदुर, किसान, उत्पीडित, उपेक्षित जनताको अधिकार सहितको राज्य सत्ताको निर्माणको लागि नेतृत्वदायी भूमिका निर्वाह गर्ने आँट र साहस गर्नुपर्दछ । जसको निम्ति विचार, राजनीतिमा स्पष्ट, सर्वहारा वर्गप्रति प्रतिबद्ध पार्टी र क्रान्ति प्रति इमान्दार र समर्पित क्रान्तिकारी स्पेरिट सहित निरन्तर संघर्षमा अघि बढ्नु पर्दछ । सहि विचार र कार्यदिशा भएको पार्टीले मात्र त्यसको नेतृत्व गर्न सक्ने भएकोले मोहन वैद्य 'किरण' नेतृत्वको ने.क.पा. (क्रान्तिकारी माओवादी) पार्टीको झण्डामुनी आम परिवर्तनकामी, सच्चा देशभक्त, जनगणतन्त्रवादी नेपाली युवापंक्तिलाई संगठित र एकताबद्ध गरि अघि बढ्नु अपरिहार्य बनेको छ । अब क्रान्तिकारी युवाहरुले त्यो पहलकदमी लिने आँट गर्नै पर्दछ । क्रान्तिका तीन (३) जादुगरी हतियार पार्टी, मोर्चा र सेनाको अपरिहार्यतालाई समेत गम्भीर ढंगले बोध गर्नुपर्दछ । तेजिलो, गतिशील, सिर्जनशील र अध्यनशीलताको साथै ठोस परिस्थितिको ठोस विश्लेषण गरी निरन्तर अघि बढ्ने आँट गर्दै आवश्यकतामा क्रान्तिकारी युवाहरु 'डाइनामाइट' समेत बन्नुपर्दछ भन्ने आमुल परिवर्तनको दिशामा श्रमजीवि, शोषित, उत्पीडितहरुलाई एकताबद्ध र संगठित गरी क्रान्तिको प्रक्रियामा नेतृत्वदायी भूमिका निर्वाह गर्नु पर्दछ । जनताका घरबस्ती टोलमा पुगी पार्टीका नीति, कार्यक्रम र योजनाहरुलाई प्रष्ट पार्नुपर्दछ । मजदुर, किसान, उत्पीडित, उपेक्षित पंक्तिको मुटुको ढुकढुकी र आँखाको नानी बन्ने आँट पर्दछ भने सामन्त, दलाल, तस्कर, भ्रष्ट, राष्ट्रघाती र जनघातीहरुका विरुद्ध 'एटम बम' बन्ने आँट समेत गर्नु पर्दछ । सिङ्गो मुलुकको भार थेग्ने र आउँदो पुस्ताको भविष्य निर्माण गर्ने कुरामा फलामे खम्बा बन्ने प्रण गर्नुपर्दछ । इतिहासको गहन जिम्मेवारीलाई आत्मसाथ गर्दै सारसंग्रहवाद, अकर्मण्यतावाद, आत्मसमर्पणवाद, संकीर्णतावाद लगायत मार्क्सवाद विरोधी गतिविधिहरुका विरुद्ध निर्मम संघर्षमा होमिदै पुरानोलाई ध्वंस गरी नयाँ इतिहास निर्माणमा लाग्ने दृढ अठोटका साथ जस्तासुकै आँधी, हुरी, तुफानी, हुण्डरी, ज्वारभाटा र सुनामीका विरुद्ध डटेर सामना गर्दै गन्तव्य तर्फ निरन्तर अघि बढ्नु पर्दछ । सशस्त्र जनविद्रोह मार्फत नेपालमा नयाँ जनवादी क्रान्ति सम्पन्न गरि समाजवाद हुँदै साम्यवाद सम्म पुग्ने लक्ष्यलाई दिल दिमागमा सेट गरी निरन्तर क्रान्तिको यात्रालाई अघि बढाउनु नेपाली क्रान्तिकारी युवाहरुको इतिहासको गहन जिम्मेवारी समेत बन्न पुगेको छ । नेपालमा क्रान्ति अपरिहार्य छ र सम्भव छ । जसको निम्ति क्रान्तिकारी युवाहरुले पहलकदमी लिने आँट गर्नुपर्दछ । अन्ततः यो क्रान्तिकारी युवाहरुको दायित्व समेत बन्न पुगेको छ ।

# विवादित सहकारी ऐन पारित

काठमाडौं । विवादित सहकारी सम्बन्धी कानुनलाई एकीकरण गर्न बनेको विधेयक २०७३ ब्यवस्थापिका संसदको अर्थ समितिले पारित गरेको छ । अधिकांश विवादित विषय यथावत् राख्दै उपसमितिले बुझाएको सहकारी ऐनको संशोधित विधेयक अर्थ समितिले सामान्य छलफलपछि पारित गरेको हो । संशोधित विधेयकमा १६ वर्ष पुगेका व्यक्तिले पनि सहकारीमा सदस्यता लिन पाउने ब्यवस्था गरिएको छ । यसअघि सो प्रावधान १८ बर्ष थियो । उपसमितिद्धारा प्रस्तावित विधेयकमा सहकारी संस्थामा सदस्यता, लगानी, बचत कारोबार सीमा, कार्यक्षेत्र लगायत विषयहरूमा यसअघि विवाद रहेपनि आजको बैठकले विवादित विषय यथावत् राखी सहकारी ऐनको संशोधित विधेयक पास गरेको हो । विधेयकमा प्रारम्भिक सहकारी संस्थामा




कानुनी व्यक्ति सदस्य बन्न नपाउने व्यवस्था गरिएको भएतापनि संशोधनका क्रममा कानुनी व्यक्ति पनि सदस्य बन्न सक्ने व्यवस्था थपेपछि विवाद उब्जेको थियो । सहकारी ऐनको संशोधित विधेयक पारित भएसँगै सरकारी निकायका साथै संस्थाको कार्यक्षेत्र भित्रका सामुदायिक विद्यालय, गुठी, स्थानीय क्लब, स्थानीय तहमा गठन भएका गैरनाफामूलक एवं उत्पादन र सेवामूलक संघसंस्था र उपभोक्ता समूहहरू प्रारम्भिक सहकारी संस्थामा सदस्य बन्न बाटो खुलेको छ । सहकारी संस्थाहरूलाई गाउँपालिकामा कुनै प्रकारको कर लाग्ने छैन । नगरपालिकाका सहकारीले आयको ५ प्रतिशत उपमहानगर पालिकाका सहकारीले ७ प्रतिशत र महानगरपालिकाका सहकारीले १० प्रतिशत कर बुझाउनुपर्ने प्रतिवेदनमा उल्लेख छ ।

## जिटीए...

माग गर्दै दार्जिलिङका भाजपा सांसद तथा केन्द्रीय संसदीय राज्यमन्त्री एसएस अहलुवालियामार्फत गृहमन्त्री राजनाथ सिंहलाई गोर्खाल्याण्ड गठनको माग हस्तान्तरण गरेको हो । सो मागपत्रमा पश्चिम बंगाल सरकारले गोर्खाल्याण्ड टेरिटोरियल एडमिनिस्ट्रेशन (जीटीए) लाई सबै विभाग र क्षमताहरु हस्तान्तरण नगरेको, मोर्चाका नेता कार्यकर्ताविरुद्ध रहेका राजनीतिक मुद्दाहरु फिर्ता लिनुको साटो उल्टो मुद्दाहरु लगाइएको, जीटीए र यसका निर्वाचित प्रतिनिधिहरुसँग परामर्श नगरी सरकारले एकलौटी निर्णयहरु गरिएको, जीटीए सम्झौताको उल्लंघन गरेको मोर्चाले बताएको छ । राज्य सरकारले नेपालीभाषीको बसोबास रहेको पहाडी स्कुलहरुमा बंगालभाषा बलजफ्ती थोपर्न खोजेपछि मोर्चाको नेतृत्वमा आन्दोलन भएको हो । बंगाली भाषा थोपर्ने पश्चिम बंगालको तृणमुल काँग्रेस नेतृत्वको सरकारको निर्णयविरुद्ध दार्जिलिङमा निकालिएको शान्तिपूर्ण जुलुसमाथि प्रहरी लगाएर हस्तक्षेप गर्दा ५० भन्दा बढी घाइते भएको मोर्चाले जनाएको छ । गुरुङले दार्जिलिङमा सेना तैनाथ गरेर मुख्यमन्त्रीले अनुशासित मोर्चा कार्यकर्तालाई आतंकवादीको संज्ञा दिन खोजेको भन्दै राज्य सरकारको यस्तो हस्तक्षेप र ज्यादतीले अब पहाडमा जीटीएरुपी अन्तरिम स्वायत्त निकायलाई जारी राखिरहनुको कुनै अर्थ नभएकाले गोर्खाल्याण्ड राज्य गठनको माग गर्नुको विकल्प नरहेको स्पष्ट पारेका छन् ।

बंगालमा ममता बनर्जी सरकारले सरकारी स्कुलमा कक्षा १ देखि १० सम्म बंगाली भाषा अनिवार्य गरेको छ । नेपालमा आफू अनुकुलको अवस्था नहुँदा नेपालमाथि निर्लज्ज रुपमा नाकाबन्दी थोपरेको भारतले आफ्नै देशका नागरिकको भाषिक स्वतन्त्रतामाथि प्रहार गरेपछि आन्दोलनले उग्ररुप लिएको हो ।

पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले विमल गुरुङ नेतृत्वको गोर्खा जनमुक्ति मोर्चा (जीजेएम) माथि सख्त कारबाही गर्ने चेतावनी समेत दिएकी छन् । उनले गोर्खाल्याण्ड प्रादेशिक प्रशासन (जीटीए) हिमाली क्षेत्रका कुनै पनि विकास कार्य पूरा गर्न असफल भएको आरोप लगाएकी छन् ।

उनले भनेकी छन्, 'सरकार नरम थियो र उनीहरुलाई सबै प्रकारको समर्थन दिएको थियो । तर अहिले जे भएको छ यसले सरकार कठोर बन्छ, कुनै कुरा सरकारका लागि सह्य छैन ।'

नेपालीभाषीको आन्दोलन असफल पार्नका लागि पश्चिम बंगाल राज्य सरकारले सवारी साधनहरु नचलाएमा अनुमति खारेज गर्ने चेतावनी दिँदै अनिवार्य रुपमा सञ्चालन गर्न निर्देशन जारी गरेको छ भने सरकारी कर्मचारीलाई पनि अनिवार्य रुपमा कार्यालय जान निर्देशन दिएको छ ।

बिहीबार सेनाले नेपालीभाषीमाथि गरेको अत्याचारविरुद्ध आव्हान गरिएको १२ घन्टे चक्काजामका कारण दार्जिलिङसहित, मिरिक, कालिम्पोङ, खरखाङलगायत नेपालीभाषी समुदायको बसोबास रहेका क्षेत्र सुनसान बनेका थिए । अब गोर्खाल्याण्ड आन्दोलन थप बढ्दै जाँदा सबैलाई आन्दोलनमा अनिवार्य रुपमा उपस्थित हुन पनि मोर्चाले आग्रह गरेको छ ।

बंगालमा हाल प्रचलित बंगला, अंग्रेजी, हिन्दी, नेपाली, उर्दु र गुरुमुखी भाषामध्ये कुनै तीनवटा भाषा रोज्न सकिने तर बंगलाचाहिँ अनिवार्य रुपमा रोज्नै पर्ने बाध्यात्मक अवस्था बनाइएपछि नेपाली भाषीको बसोबास रहेको दार्जिलिङमा विरोध भएको हो ।

**म पहाडी क्षेत्रको मुख्यमन्त्री हुँ : *गुरुङ***

गोर्खा जनमुक्ति मोर्चाका अध्यक्ष विमल गुरुङले आफू पहाडी क्षेत्रको मुख्यमन्त्री भएको बताउँदै ममता बनर्जीलाई आन्दोलन रोक्न चुनौती दिएका छन् । 'पश्चिम बंगालकी मुख्यमन्त्रीको रुपमा बनर्जी आफ्नो शक्ति देखाउने कोशिस गरिरहेकी छन् । तर उनले म गोर्खाल्यान्ड प्रादेशिक प्रशासन (जीटीए) को निर्वाचित सदस्य हुँ । म पहाडीको मुख्यमन्त्री हुँ । म उनलाई पहाडी समुदायको आन्दोलन रोक्न चुनौती दिन्छु,' उनले भने ।

उनले आफूले सिधै केन्द्र सरकारसँग कुरा गर्ने र पहाडी समुदायमाथि भएको प्रहरी दमनको विवरण दिने समेत बताएका छन् । मुख्यमन्त्री बनर्जीले भने गोर्खा आन्दोलन अवैध भएको आरोप लगाउँदै यसमा सहभागीमाथि कानुनी कारबाही गर्ने चेतावनी दिएकी छन् ।

## उम्मेदवार...

- रुपन्देही मर्चवारी गाउँपालिका अध्यक्षमा अब्दुल सलाम, उपाध्यक्षमा राजु हरिजन, वडा नं. ८ अध्यक्ष : इस्लाम खान, वडा नं. ७ अध्यक्ष : शम्भु यादव, वडा नं. १ अध्यक्ष : अब्दुल रजाक, वडा नं. २ अध्यक्ष : सनिउल्ला मुसलमान,
- रुपन्देही ओम सतिया गाउँपालिका वडा नं. ६ अध्यक्ष : सर्वजित चौधरी, वडा नं. ७ अध्यक्ष : रिजवान खान,
- रुपन्देही, मायादेवी गाउँपालिका वडा नं. ८ अध्यक्ष : रमजान मुसलमान,
- रुपन्देही लुम्बिनी सांस्कृतिक नगरपालिका मेयरमा बन्जारा मौलाना,
- अर्घाखाँची मालारानी गाउँपालिका वडा नं. ४ अध्यक्ष : अशोक थापा
- सप्तरी सुरुङ्गा नगरपालिका मेयरमा अछमितलाल चौधरी, वडा नं. १ अध्यक्षः बद्री परियार, वडा नं. १ दलित महिला सदस्य : चन्द्रमाया वि.क., वडा नं. १ महिला सदस्य : रचना खड्का चौधरी, वडा नं. १ सदस्य : उपेन्द्र निरौला, वडा नं. २ अध्यक्ष : बानेश्वर चौधरी, वडा नं. २ सदस्य : मोहन बहादुर तामाङ,, वडा नं. २ सदस्य : रामविलास महतो, वडा नं. २ दलित महिला सदस्य : सीता पासवान, वडा नं. २ महिला सदस्य : बिर्सी ासवान, वडा नं. ४ अध्यक्ष : लालबहादुर यादव, वडा नं. ४ महिला सदस्य : भगवती चौधरी, वडा नं. ४ दलित महिला सदस्य : सुस्मा लोहनी, वडा नं. ८ अध्यक्ष : रेवती प्रसाद चौधरी, वडा नं. ८ महिला सदस्य : पुष्पाकुमारी चौधरी, वडा नं. ८ दलित महिला सदस्य : सरस्वती वि.क., वडा नं. ८ सदस्य : शर्मिला चौधरी, वडा नं. ८ सदस्य : लोइहरवती चौधरी, वडा नं. ९ अध्यक्ष : कारी सदा, वडा नं. ९ महिला सदस्य : अनिता चौधरी, वडा नं. ९ सदस्य : अञ्जनी चौधरी, वडा नं. १० अध्यक्ष : मुसहरु यादव,
- बझाङ जयपृथ्वीबहादुर सिंह नगरपालिका मेयरमा अशोक ओली, उपमेयरमा सुरमा कुमारी,
- बझाङ बुङ्गल त्रिवेणी नगरपालिका मेयरमा वीरबहादुर बोहरा 'विप्लव',
- बझाङ दौलीचौर गाउँपालिका अध्यक्षमा जयबहादुर वि.क.
- बझाङ थलारा गाउँपालिका अध्यक्षमा जयबहादुर विष्ट,
- बझाङ दुर्गाथली गाउँपालिका अध्यक्षमा गोविन्द वि.क.,
- बझाङ, केदारसिउँ गाउँपालिका अध्यक्षमा रविन्द्र मल्ल,
- अछाम कमलबजार नगरपालिका, मेयरमा शेरबहादुर रावत,
- अछाम नुमोरखाँद गाउँपालिका अध्यक्षमा टेकबहादुर शाही 'बिराट',
- बाजुरा बढिमाकि नगरपालिका मेयरमा रमेशबहादुर चुँदारा, उपमेयरमा बुद्धि नेपाली,
- डोटी दिपायल नगरपालिका मेयरमा ज्ञानबहादुर केसी, उपमेयरमा दिलिप परियार
- डडेल्धुरा अमरगढी नगरपालिका मेयरमा नरेश जैरु,
- डडेल्धुरा अजयमेरु गाउँपालिका अध्यक्षमा चक्रबहादुर पार्की,
- मोरङ विराटनगर उपमहानगरपालिका मेयरमा सन्तोष सरकार
- मोरङ मिक्लाजुङ्ग नगरपालिका मेयरमा प्रकाश निरौला ।

### देजमो सर्लाहीको उम्मेदवार घोषणा कार्यक्रम

सर्लाही । देशभक्त जनतान्त्रिक मोर्चा नेपालका अध्यक्ष सीपी गजुरेलको प्रमुख उपस्थितिमा देजमो सर्लाहीले जेठ ३० मा जिल्लाका उम्मेदवारहरु घोषणा गर्ने कार्यक्रम तय गरेको छ । सर्लाही जिल्लाका सबै स्थानीय तहमा देजमोले उम्मेदवारी दिने तयारी गरेको छ ।




**पशुपंक्षी पालनमा रोग लाग्न नदिन अपनाउनुपर्ने उपायहरु**

- गोठ तथा फर्मभित्र अनावश्यक रुपमा अन्य जनावर, मुसा, चरा आदि पस्न नदिऔं ।
- गोठ तथा फर्मको वरिपरि झाडी, फोहरपानी जम्न नदिऔं र पानी जमेको तथा फोहर ठाउँमा नुन छर्कने गरौं ।
- गोठ तथा फर्ममा पस्दा गोठमै प्रयोग गर्ने हेतुले एप्रोन गमबुट लगाउने बानी बसाऔं ।
- गोठ तथा फर्ममा पशु तथा पशुपंक्षीजन्य पदार्थको सम्पर्कमा आएपछि साबुन पानीले राम्ररी हात धोऔं ।
- पशुपंक्षीजन्य पदार्थ ढुवानी गर्दा यातायातको साधन तथा प्याकिङ गर्ने वस्तुलाई संक्रमणमुक्त गरेर मात्र प्रयोग गरौं ।
- 'एक विश्व एक स्वास्थ्य'को अवधारणा अनुसार पशुपंक्षीलाई स्वास्थ्य राखेर मात्र आफू स्वस्थ हुन्छौं भन्ने कुरालाई मनन गरौं ।
- मरेका पशुपंक्षीलाई जथाभावी खोलानाला तथा चरिचरनमा नफाली जमिनमा गाड्ने गौं ।
- आफ्ना घरपालुवा पशुपंक्षीलाई नियमित रुपमा जुका नाम्लेको औषधी खवाऔं तथा संक्रामक रोगहरुका विरुद्ध खोप लगाऔं ।

अन्य विस्तृत जानकारीका लागि

**जिल्ला पशु सेवा कार्यालय, खोटाङ**

फोन नं. ०३६-४२०१०७/०३६-४२०६७४




**प्रकाशक** : रामसिंह बुढाथोकी, **प्रबन्ध निर्देशक** : बद्री बजगाईं, **सम्पादक** : इन्द्रबहादुर राउत, **सहसम्पादक** : केशरमणि कटुवाल, फोटोः जय दाहाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ०१-४७८५७६३/९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।